www.ehetaudasandesh.com

हेटौंडा राष्ट्रिय दैनिक


# सन्देश

Hetauda Sandesh Daily

वर्ष : २४ ॥ अंक:२८५ ॥ शुक्रबार २२ चैत २०८१ ॥ सप्तमी ॥ ११४५ ॥ चौलाथ्व ॥ Firday 04 April 2025 ॥ पृष्ठ: 8 ॥ मूल्य : रु. 3/- ॥

## रेडक्रसका अध्यक्षसहित निलम्बनमा

सन्देश संवाददाता



काठमाडौं/रेडक्रसको अन्तर्राष्ट्रिय संस्था आईएफआरसीले नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष सुदर्शनप्रसाद नेपालसहित पाँच जनालाई निलम्बन गरेको छ । अध्यक्ष नेपाल र उपाध्यक्ष विशाल भण्डारीलाई पत्र लेखेर आईएफआर सीले निलम्बन गरेको जानकारी गराएको हो ।

अध्यक्ष नेपालसहित बिनोदकुमार बस्नेत, मनोजकुमार थापा, भुपतिलाल श्रेष्ठ, नारायण तिमल्सिनालाई निलम्बन गरिएको हो । कात्तिकमा नेपाल रेडक्रस सोसाइटीमा दलीय भागबण्डाका आधारमा पदाधिकारी नियुक्ति गरिएको थियो, जसमा विभिन्न दलका प्रतिनिधिहरुका थिए । निलम्बित व्यक्तिहरुले भागबण्डामा हस्ताक्षर गरेका थिए, जसका कारण उनीहरुलाई आईएफआर सीले निलम्बन गरेको हो ।

*अस्पतालमा बढे बिरामी*

# वनमा लागेको डढेलोले बढायो वायु प्रदुषण

सुनिता बिष्ट



हेटौंडा/गर्मीयाम सुरु भएसँगै पछिल्लो समय जताततै वन डढेलोको प्रकोप बढिरहेको छ । बागमती प्रदेशका चितवन, धादिङ, सिन्धुली, मकवानपुरलगायत प्राय: जिल्लाहरुमा वन डंढेलो लाग्दा वायू प्रदुषण बढेको छ । वनमा लागेको डढेलोका कारण जंगली जनावर त प्रभावित छन् नै डढेलोको कारण आम मानिसहरुमा स्वास्थ्य समस्या बढ्दै गएको छ । यतिबेला मकवानपुरको धेरेजसो सामुदायिक वनहरुमा डढेलो लागिरहेको छ ।

केही दिनयता बागमती प्रदेशको राजधानी समेत रहेको हेटौंडा आसपासका क्षेत्रहरु बाक्लो तुवाँलोले ढाकेको छ । मकवानपुरका विभिन्न सामुदायिक वनमा यतिबेला डढेलो लागिरहेको छ । जसको धुावा वायू मण्डलमा मिसिदा श्वास फेर्न समस्या हुने, आँखा पोल्ने, रुघा खोकी लाग्ने जस्ता स्वास्थ्य समस्याहरु बढ्दै गएको पाइन्छ ।

पछिल्लो समय वायू प्रदुषणकै कारण अस्पतालहरुमा बिरामीको चाप बढेको छ । दमका रोगी, मुटुरोगी तथा अन्यलाई समेत घाटी दुख्ने, श्वास फेर्न असहज हुने र रुघाखोकी लाग्ने समस्या लिएर बिरामीहरु आउने गरेको हेटौंडा अस्पतालका फिजिसियन डा. उदित आचार्य बताउँछन् । उनका अनुसार एक साताइदेखि रुघाखोकी लाग्ने, छाती दुख्ने, दम बढ्ने तथा आँखा पोल्ने समस्या लिएर बिरामीहरु अस्पताल आइरहेका छन् ।

'अन्य समयको तुलनामा केही दिनयता वायु प्रदुषणका कारण संक्रमण भएका बिरामीहरुको संख्या बढेको हामीले पाएका छौं,' उनले भने, 'धेरै जसोमा श्वासप्रश्वासको समस्या देखिएको छ । घाटीमा इन्फेक्सन, रुघा लाग्ने बिरामीहरु धेरै आउनुभएको छ । हामीले चेकअप गर्दा यही एयर पोलुसनकै कारण यस्ता समस्या देखिएका हुन् ।'

प्रदुषणाले आँखा पोलेर मानिसलाई बाहिर निस्कन कठिन भइरहेको छ । माक्स नलगाए त श्वास तान्नै सकस छ । जथाभावी लगाइएको डढेलोका कारण निस्किएको तुवाालोले वायु प्रदुषण निकै बढेपछि आँखा सम्बन्धि समस्या पनि उत्तिकै बढेको छ । साना बालबालिका देखि बृद्धबृद्धासम्मको आँखामा समस्या देखिएको हो । वायु प्रदुषणका कारण अन्य समयमा भन्दा केही दिनयता आँखाका बिरामी बढेको हेटौंडा सामुदायिक आँखा अस्पतालका व्यवस्थापक सुधिर श्रेष्ठ बताउँछन् ।

उनका अनुसार केही दिनदेखि बिरामीको संख्या २५ देखि ३० प्रतिशतसम्म बृद्धि भएको छ । 'यसभन्दा अघि दिनमा २ सय देखि ३ सयको हाराहारीमा आँखाको चेकअप गर्न बिरामीहरु आउनुहुन्थ्यो भने अहिले दिनहुँ झण्डै ४ सय जना बिरामीहरु आइरहनुभएको छ,' श्रेष्ठले भने, 'बिरामीहरुमध्ये धेरैजसोको आँखा पोल्ने, रातो हुने, चिलाउने, आँखा सुन्निने जस्ता समस्याहरु देखिएका छन् ।' यस अस्पतालमा मकवानपुर लगाएत छिमेकी जिल्लाहरुबाट समेत आँखाको उपचार गर्न आउने गरेका छन् । वायु प्रदुषणकै कारण आँखामा इन्फेक्सन भएको चिकित्सकहरु बताउँछन् ।

त्यसोत, वन जंगलमा लागेको डढेलोले सबैतिर क्षतिमात्रै निम्त्याउँछ । जंगली जनावरको बासस्थान देखि किराफट्याङ्ग्रा सम्मको नास हुने हुँदा वन डढेलोले जैविक विविधतामा समेत प्रभाव पार्ने जानकारहरु बताउँछन् । प्रदेशका प्राय: सबै जिल्लाका सामुदायिक वनहरुमा डढेलो लाग्दा प्रदेशको वन तथा वातावरण मन्त्रालयले वन डढेलो नियन्त्रण तथा न्यूनीकरण गर्नका लागि विभिन्न कामहरु गरिरहेको बागमती प्रदेशको वन तथा वातावरण मन्त्रालयका सचिव केदार बडालले जानकारी दिए ।

'हामीले वन डढेलो नियन्त्रणका लागि हामीले सबै जिल्लाका डिभिजन वन कार्यालयमा डढेलो नियन्त्रणका सामाग्रीहरु पठाएका छौं,' उनले भने, 'डिभिजन वन कार्यालय मार्फत सामुदायिक वनहरुलाई परिचालित गरेर अग्निरेखा निर्माण गर्ने र डढेलो लागिहालेमा सामुदायिक वन उपभोक्ता समितिलाई परिचालन गरेर निभाउने कार्यहरु भैरहेका छन् । जिल्ला स्थित सुरक्षा संयन्त्रसँग पनि समन्वय गरिरहेका छौं ।'

सचिव बडालका अनुसार प्रदेश सरकारसँग प्रदुषणको लेबल नाप्ने कुनै यन्त्र छैन । जसकारण प्रदुषणको लेबलको नतिजाको लागि केन्द्रकै भर पर्नुपरेको उनले बताए । 'चालु आर्थिक बर्षमा प्रदुषणको लेबल नाप्ने यन्त्र खरिद गर्ने भन्ने तयारी त थियो । तर आर्थिक अभावका कारण काम हुन पाएको छैन । तथापी हामी छिट्टै यसको व्यवस्थापन गर्छौं,' उनले भने ।

मकवानपुरका मात्रै यो बर्ष ६० हेक्टर भन्दा बढी क्षेत्रफलमा डढेलो लागेको डिभिजन वन कार्यालय मकवानपुरको तथ्यांक छ । चालु आर्थिक बर्षमा जिल्लामा वन डढेलो नियन्त्रणका लागि १५ लाख रुपैंया बजेट विनियोजन भएको थियो । बजेटले भ्याएसम्म डढेलो नियन्त्रणका उपायहरु अपनाइएको बताइएको छ । तर भूगोलका कारण पनि डढेलो लागिसकेपछि नियन्त्रणमा ल्याउन भने कठिन हुने गरेको कार्यालयका डिभिजनल वन अधिकृत राकेश प्रसाद चन्द्रवंशी बताउँछन् । पछिल्लो समय वनमा लागेको डढेलोको धुवाासँगै सवारी साधनबाट निस्कने धुावा, खुल्ला रुपमा फोहोर विसर्जन तथा बाल्ने प्रक्रियाले पनि वायु प्रदूषण बढाएको वातावरणविद्हरुको भनाइ छ । हामीले फेर्ने श्वासमै प्रदुषीत हावा प्रवाह हुँदा रोग बढ्ने समस्या हुने हुँदा वन डढेलो नियन्त्रणका लागि सबै एकजुट हुन आवश्यक रहेको वातावरणविद्को भनाइ छ ।

*वायु प्रदुषणले कठिन*

# सवारीमा जोरविजोर प्रणाली माग



मनिता राना

हेटौंडा/मकवानपुरलगायत विभिन्न स्थानमा केही दिनयता उच्च वायु प्रदुषणले मानिसको जनजीवन कठिन बनेको छ । चैत लागेसँगै प्रशस्त पानी नपर्नाले जमीन सुक्खा हुने, जताततै डँढेलो लगाइने हुँदा वातावरणमा समस्या आएको हो ।

वायु प्रदुषणले मानिसको श्वासप्रश्वासमा समस्या, आँखा र नाकको जलन र दीर्घकालीन रोग जस्तै दम, फोक्सोको समस्या बढ्न थालेका छन् । वायु प्रदुषणका कारण हेटौंडा बजारमा आवतजावत गर्न निकै मुस्किल परेको हेटौंडाबासीले गुनासो गरेका छन् भने व्यापारी धुँवाले पसलमा बसिनसक्नु भएको बताउँछन् । बिहीबार दिउँसो बजारमा भेटिएकाहरुले *हेटौंडा सन्देश*सँग भने–सवारीमा जोरविजोर प्रणाली लागु गरे केही हदसम्म सहज होला कि ।

उता, भीमफेदी–६ का सुरेन्द्र श्रेष्ठले वायु प्रदुषण भएर आँखा हेर्नै नसक्ने भएको बताए । यस्तै भइरहने हो भने आँखामा विभिन्न समस्या आउने उनले बताए । केही दिन अघिमात्र जिल्ला वन डिभिजनको समन्वयमा भीमफेदी रेञ्जपोस्टको आयोजनामा वनडँढेलो न्यूनीकरण तथा अभिमुखीकरण गरेर बजेटमात्र सकाएको श्रेष्ठले गुनासो गरे । उक्त कार्यक्रमबाट खासै केही उपलब्धि नभएको उनले बताए । यस्ता कार्यक्रम गरेर समय, आर्थिक र ऊर्जामात्र सकाएर नहुने भन्दै आवश्यक पहिचान, प्रशिक्षण र परिचालन हुनु आवश्यक भएको उनले बताए ।

नेपालका गाउँगाउँमा वन मन्त्रालयले वार्षिक डँढेलो चेतना अभिवृद्धि कार्यक्रम राख्ने तथा डँढेलो लगाउनेलाई खोजीखोजी कारबाहीमा नल्याउने हो भने नेपालले भविष्यमा ठूलो जलवायुमा समस्या भोग्नुपर्ने समस्या बढ्ने भीमफेदीबासी आशीष मगरले बताए । देशभर जंगलमा आगो लाग्दा पनि सरकारले केही गर्न नसकेको उनको दाबी छ ।

विश्वभरिका वायु प्रदुषणको अवस्थामापन वर्ल्ड एक्युआई र्‍याङ्किङअनुसार नेपालको वायु केही दिनदेखि विश्वकै अधिक अस्वस्थ्यकर सूचीमा रहेको स्वास्थ्य मन्त्रालयले जनाएको छ । वर्ल्ड एक्युआई र्‍याङ्किङअनुसार ० देखि ५० सम्म स्वस्थ्यकर, ५१ देखि १ सयसम्म मध्यम जोखिम, १ सय १ देखि १ सय ५० सम्म फोक्सोका बिरामी, ज्येष्ठ नागरिक र बालबालिकाका लागि हानिकारक र सबै समूहका लागि १ सय ५१ देखि २ सय सम्म खतरनाक मानिने मन्त्रालयले जनाएको छ ।

वायु प्रदुषणले मुटु, रक्तनली, फोक्सो, मस्तिक, आँखा, नाक, कान, घाँटीलगायतमा गम्भीर असर पुऱ्याउने गर्दछ । दम, क्यान्सर जस्ता नसर्ने तथा दीर्घरोगहरुको जोखिमसमेत बढाउँदछ । वायु प्रदुषणले शारीरिक तथा मानसिकरुपमा कमजोर शिशु जन्मिने सम्भावनासमेत उच्च रहन्छ । नेपालमा वायु प्रदुषणका कारण हरेक वर्ष हुने मुत्युदरमा विशेषगरि ५ वर्षमुनिका बालबालिका, गर्भवती, दीर्घरोगी र ज्येष्ठ नागरिकहरु बढी जोखिममा पर्ने गरेका छन् । नेपालमा रोग र मुत्युदर वृद्धि गराउने प्रमुख कारणमध्ये वायु प्रदुषण पनि देखिएको मन्त्रालयको सूचनामा उल्लेख छ । यस्ता प्रदुषणबाट बच्न सकेसम्म अनाश्यक यात्रा नगर्न र यात्रा गर्नैपरे अनिवार्यरुपमा मास्क प्रयोग गर्नुका साथै अधिक प्रदुषित क्षेत्रबाट टाढा रहन मन्त्रालयले अनुरोध गरेको छ ।

अत्याधिक धुलो र धुँवा उत्सर्जन गर्ने निर्माण कार्य केही समयलाई स्थगन गरी वातावरणमैत्री हुने गरी नियमन गर्न पनि सरकारले अनुरोध गरेको छ । फोहरमैलाको सही व्यवस्थापन गर्न एवम् फोहर मैला नजलाउन, वनडँढेलो लाग्नै नदिन र लागिहाले सावधानीपूर्वक नियन्त्रण गर्न पनि अनुरोध गरिएको छ । बालबच्चा, वृद्ध र संवेदनशील स्वास्थ्य समस्या भएकाहरुको विशेष हेरचाह गर्न भनिएको छ ।

*निकुञ्जमा नियन्त्रित डँढेलो*

चितवन राष्ट्रिय निकुञ्जले पाँच सय हेक्टरभन्दा बढी क्षेत्रफलमा नियन्त्रित डँढेलो लगाएको छ । फागुन दोस्रो सातादेखि निकुञ्जले घाँसेमैदान व्यवस्थापनका लागि नियन्त्रित डँढेलो लगाएको हो ।

निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरका अनुसार घाँसेमैदान व्यवस्थापनका लागि नियन्त्रित डँढेलो लगाइएको हो । निकुञ्जका कर्मचारी, नेपाली सेना, स्थानीयसहितको टोलीले डँढेलो लगाएर नियन्त्रणमा लिएको जानकारी दिएका उनका अनुसार निकुञ्जको पूर्वी क्षेत्रमा दुई सय हेक्टरभन्दा बढी र पश्चिम क्षेत्रमा तीन सय हेक्टरभन्दा बढी क्षेत्रफलमा डँढेलो लगाइएको थियो ।

'घाँसेमैदानमा भएका ज्वलनशील पदार्थमा डँढेलो लगाएर नियन्त्रणमा लिएका हौं,' सूचना अधिकारी मगरले भने । निकुञ्जमा नेपाली सेना र निकुञ्ज कर्मचारीले डँढेलो लगाएको बताउँदै मध्यवर्ती सामुदायिक वनमा उपभोक्ता समितिहरुले निकुञ्जको समन्वयमा नियन्त्रितरुपमा घाँसेमैदान व्यवस्थापनका लागि डँढेलो लगाएका उनले जानकारी दिए ।

हाल नियन्त्रित डँढेलो लगाइसकिएको बताउँदै उनले अग्निरेखा व्यवस्थापनको कामलाई तीव्र बनाइएको जानकारी दिए । उनले भने–निकुञ्जभित्र रहेका अग्निरेखाहरु व्यवस्थापन भइरहेको छ । सरसफाइ गर्ने, नयाँ अग्निरेखा बनाउनेलगायत काम भइरहेका छन् । पछिल्ला दिनमा अनियन्त्रित डँढेलो लगाउन सुरु भएकाले यसलाई रोक्न नेपाली सेना र निकुञ्ज कर्मचारीसहित २० जनाको संयुक्त रेस्पोन्स समूह बनाएर काम भइरहेको उनले बताए ।

निकुञ्ज क्षेत्रमा भन्दा हाल मध्यवर्ती क्षेत्रमा अनियन्त्रित डँढेलो बढी लगाइएको पाइएपछि टिमले ती डँढेलो नियन्त्रण गर्दै आएको निकुञ्जका सूचना अधिकारी मगरले बताए । उनका अनुसार निकुञ्जमा १० हजार हेक्टर क्षेत्रफल घाँसेमैदान रहेकोमा हाल तीन सय हेक्टर क्षेत्रफलको घाँसेमैदान व्यवस्थापन गरिएको छ । 'नियन्त्रित डँढेलोबाट वन्यजन्तुले नखाने, फोहर, पातलगायत घाँस डढ्ने गर्दछ । घाँसेमैदानमा नियन्त्रित डँढेलो लगाउँदा नयाँ र कलिलो घाँस पलाउने भएकाले जनावरलाई चरनका लागि सहज हुन्छ,' मगरले भने । उनका अनुसार नियन्त्रित डँढेलोले जनावरमा क्षति गर्दैन । डँढेलोपछि उम्रने कलिलो घाँसका कारण वन्यजन्तु बस्ती पस्न पनि कम हुने उनले विश्वास व्यक्त गरे । वसन्तयममा घाँस तथा बुट्टयानमा नयाँ पालुवा पलाउने मौसम भएकाले नियन्त्रित डँढेलो लगाउने गरिन्छ ।

निकुञ्जमा गैंडा, बाघ, हात्ती, चित्तललगायत दुर्लभ वन्यजन्तुहरु छन् । यहाँ विश्वभरबाट पर्यटक जंगल सफारीका लागि आउने गर्दछन् । नियन्त्रित डँढेलो लगाएर निकुञ्ज सफा भएपछि निकुञ्जभित्रको बाटोबाट टाढाटाढासम्म वन्यजन्तु देख्न सकिन्छ । डँढेलोपछिको मौसममा पर्यटकहरुले सहज वन्यजन्तु देख्ने भएकाले सफारीका लागि रुचाउने निकुञ्ज कार्यालयले जनाएको छ ।

## मकवानपुर क्याम्पसले माग्यो २५ करोड



माधब न्यौपाने

हेटौंडा/मकवानपुर बहुमुखी क्याम्पसले शैक्षिक भवन निर्माणका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा सहरी विकास मन्त्रालयमार्फत् नेपाल सरकारसमक्ष २५ करोड बजेट विनियोजन माग गर्दै प्रस्ताव पेश गरेको छ ।

क्याम्पस प्रशासनका अनुसार हाल विद्यार्थी संख्या वृद्धिसँगै आधुनिक पूर्वाधारको आवश्यकता बढिरहेको छ, जसका कारण नयाँ भवन निर्माण अपरिहार्य भएको हो । क्याम्पस प्रमुख डा. यमबहादुर सिलवालका अनुसार मकवानपुर तथा छिमेकी जिल्लाका विद्यार्थीहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको क्याम्पसमा हाल उपलब्ध भवन तथा संरचना अपर्याप्त भएका छन् । विशेषगरि, स्वायत्त शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक भौतिक पूर्वाधार अभाव रहेको क्याम्पस प्रशासनको भनाइ छ ।

नेपालकै एक प्रमुख सामुदायिक क्याम्पसका रुपमा परिचित हेटौंडा–२ स्थित मकवानपुर बहुमुखी क्याम्पसले विश्वविद्यालय अनुदान आयोगबाट क्युएए मान्यताप्राप्त गरिसकेको छ । ग्रामीण तथा विपन्न समुदायका विद्यार्थीहरुका लागि उच्चशिक्षाको प्रमुख केन्द्रका रुपमा रहेको क्याम्पसमा पर्याप्त कक्षाकोठा अभाव, जीर्ण भवनहरु र आधुनिक शिक्षणप्रविधि अभावका कारण अध्ययन–अध्यापनमा चुनौती उत्पन्न भएको क्याम्पस प्रशासनले जनाएको छ ।

क्याम्पस प्रशासनले रोजगार मुखी, उद्यमशीलता तथा प्राविधिक शिक्षाका विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै स्वदेशमा रोजगारी सिर्जना गर्ने लक्ष्य राखेको छ । उक्त योजनालाई प्रभावकारी कार्यान्वयन गर्न नयाँ भवन आवश्यक भएकाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा सहरी विकास मन्त्रालयमार्फत् बजेट माग गरिएको हो । परियोजनाले मकवानपुर बहुमुखी क्याम्पसलाई मात्र नभइ नेपाल सरकारको उच्चशिक्षा पूर्वाधार सुदृढीकरण तथा सहरी पूर्वाधार विकास अभियानलाई समेत टेवा पुग्ने विश्वास क्याम्पस प्रशासनले लिएको छ । आगामी आव २०८२/०८३ को बजेट कार्यक्रममा उक्त योजना समावेश गर्न सम्बन्धित निकायसँग आग्रह गरिएको छ ।

मकवानपुर बहुमुखी क्याम्पस हेटौंडाको शैक्षिक भवन निर्माण गर्न आवश्यक बजेट बिनियोजनका लागि कार्यबाहक प्रधानमन्त्री तथा शहरी विकास मन्त्री प्रकाशमान सिंह र शिक्षामन्त्री विद्या भट्टराईसँग बिहीबार छुट्टाछुट्टै भएको छलफल सांसद् महेश बर्तौलाले बताए । छलफलमा बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेल, क्याम्पस सञ्चालक समिति अध्यक्ष अनन्त पौडेल, उपाध्यक्ष अशोक शाक्य, जिसस प्रमुख ललित घलान र क्याम्पस प्रमुख डा. सिलवालसहितको सहभागिता थियो ।

# राजमार्गमा रातभर गोरु तस्करी

सन्देश संवाददाता

हेटौंडा/हेटौंडाको रातोमाटेमा रहेको प्रहरी चेकपोष्ट । गोप्य सूचनाका आधारमा लक्ष्यसहितको विशेष रिपोर्टिङका लागि रातोमाटे पुगिएकोमा गोरु बोकेर आएको ना. ४ ख ३५३९ नम्बर ट्रकचालकले ब्रेक हानेर पोष्टमा प्रहरीसँग 'विशेष सम्बन्ध' बनाएको देखिएपछि ट्रक पछ्याउने जाँगर चलाइयो ।

अघिअघि गोरु बोकेको ट्रक, पछिपछि पत्रकारले फलो गर्दै गए । बाराको अमलेखगञ्ज प्रहरी चौकीमा पुगेपछि त्यहाँ गोरु बोकेको उक्त ट्रकले फेरि ब्रेक मार्‍यो । गोरु गाडीका चालकले प्रहरीसँग 'हात मिलाए' पछि गाडी अघि बढ्यो । बाराको अमलेखगञ्जदेखि पथलैयासम्मको छोटो दुरी पार गर्न निकै समस्या पर्‍यो । रातिको अन्धकार बाटोमा फोटो क्यामरामा कैद गर्न पत्रकारले गरेको पटकपटकको प्रयास असफल भयो ।

चितवन, मकवानपुर र बाराका विभिन्न प्रहरी पोष्ट हुँदै गोरु बोकेर हिंड्ने सवारी वा गोरुका अवैध कारोबारीलाई प्रहरीले निर्धक्क छाड्ने गरेको छ । पछिल्लो समय नाका हुँदै गोरु भारततर्फ तस्करी हुने गरेको छ । गोरु व्यवसायीले कृषि प्रयोजनका लागि भनेर भारतको पश्चिम बंगाल र बंगलादेशतर्फ मासुका लागि गोरु तस्करी गरेर निर्यात गर्ने गरेको बताइन्छ ।

जमिन जोत्ने उद्धेश्य देखाएर यसरी दिनहुँ ठूलो संख्यामा गोरु हेटौंडाको बाटो हुँदै कागजात मिलाएर वा नमिलाएर मध्यरातमा तस्करी हुने गरेको रहस्य यस घटनाले पनि पुष्टि गरेको छ । सीमावर्ती क्षेत्रमा संकलन गरी ट्रकमा लोड गरेर पूर्वी नेपालको सप्तरी र महोत्तरीतिर लैजाने वा मध्यरात भारतको रक्सौल कटाउने गरेको विश्वस्तस्रोत बताउँछ ।

कागजमा जमिन जोत्ने प्रयोजनका लागि भनेर उल्लेख गरिए पनि यसरी संकलन गरिएका गोरु पूर्वी नेपाल हुँदै भारतको दार्जिलिङ र बंगलादेशमा मासुका लागि निकासी गर्ने गरेको जानकारीमा आएको छ । त्यसैले तस्करले कागजात मिलाएर निकासी गर्ने गरेका छन् । गोरुको अवस्था हेर्दा जोत्ने जस्ता देखिँदैनन्, आवश्यक कागजपत्र सबै मिलाइएका हुन्छन् । कागजपत्रअनुसार प्रहरीले रोक्न पनि मिल्दैन, अनि आफ्नै अगाडिबाट तस्करले खुलेआम लैजाने गरेको एक प्रहरी अधिकारीले गुनासो गरे । पशुहाट बजार तथा सीमापारिका गाउँहरुबाट खुला सिमानाको फाइदा उठाउँदै तस्करीका लागि गोरु संकलन गरेर पूर्वी नेपालका विभिन्न जिल्लामा भण्डारण गर्दै भारत र बंगलादेश पुऱ्याउने गिरोह लाग्दै आएको छ । आवश्यक कागजात भएपछि उनीहरुलाई रोकतोक गर्न नसकिने भएकाले तस्करहरुको मनोबल बढेको पाइएको छ । उनीहरुले प्रहरीलाई पनि आर्थिक प्रभावमा पार्ने गरेको बताइएको छ ।

मकवानपुरमा अवैध गाईगोरु तस्करीको घटना दोहोरिएको छ । सशस्त्र प्रहरी बल नेपाल र पशुसेवा कार्यालय मकवानपुरको संयुक्त टोलीले गाई तस्करीको गिरोह सक्रिय रहेको पत्ता लगाउँदै १५ वटा गाईसहित मिनीट्रक र तीन जनालाई नियन्त्रणमा लिएको हो ।

चैत २० गते राति करिब ३ बजे हेटौंडा–१५ स्थित पूर्वपश्चिम लोकमार्गको चेकपोइन्टमा शंका लागेपछि बाप्र २–०३–०१ ख ३७४९ नम्बर मिनी ट्रक रोकी जाँच गरिएको थियो । ट्रकमा कोचाकोच पारेर राखिएका गाईहरु फेला परेपछि सुरक्षाकर्मीले थप सोधपुछ गरे । जाँचका क्रममा ट्रकमा साथमा रहेको भेटेरिनरी प्रमाणपत्र नेपाल पशु चिकित्सा परिषद्ले पहिल्यै निलम्बन गरिसकेको डाक्टरद्वारा जारी गरिएको खुल्यो । पशुसेवा कार्यालय प्रमुख बज्रकिशोर ठाकुरले निलम्बित डाक्टरले जारी गरेको प्रमाणपत्र स्वत:अवैध हुने बताएका छन् ।

पक्राउ परेका व्यक्तिहरुले गाईहरु कृषि प्रयोजनका लागि नवलपरासीको गैंडाकोट नगर पालिकाबाट महोत्तरी जिल्लाको गौशाला लैजान लागिएको बताए । तर, प्रमाणपत्र नक्कली रहेको पुष्टि भएपछि ट्रक, गाई, र संलग्न तीन जनालाई नियन्त्रणमा लिइएको प्रमुख ठाकुरले बताए । जाँचका क्रममा ट्रकमा लोड क्षमताभन्दा धेरै गाई राखिएको पाइएको छ । पशु ढुवानी मापदण्ड २०६४ अनुसार मिनीट्रकमा बढीमा ९ वटामात्र गाई राख्न मिल्ने भए पनि उक्त ट्रकमा १५ वटा गाई कोचिएको पशुसेवा कार्यालय प्रमुख ठाकुरले बताए ।

ट्रकमा केही गाई घाइते अवस्थामा पनि भेटिएका छन्, जसले पशुक्रुरता निवारण ऐनको उलंघन भएको उनले जानकारी दिए । प्रमुख ठाकुरका अनुसार गाईहरुको अमानवीय ढुवानी गरिएकाले संलग्न व्यक्तिहरुमाथि कानुनी कारबाहीका लागि प्रहरीसमक्ष पठाइएको छ । नेपालको संविधान, २०७२ को धारा २६(३) अनुसार गाईहत्या कानुनीरुपमा प्रतिवन्धित छ । पशुसेवा ऐन, २०५२ अनुसार गाईगोरु तस्करीमा संलग्न व्यक्तिलाई १ वर्षसम्म कैद वा ५० हजार रुपियाँसम्म जरिवाना हुनसक्छ । ठगी ऐन, २०३२ अनुसार नक्कली प्रमाणपत्र प्रयोग गरी ठगी गर्नेहरुमाथि थप कारबाही हुनसक्छ । पशु ढुवानी मापदण्ड उलंघन गरेको कारण ट्रकमालिकलाई ५ हजार रुपियाँसम्म जरिवाना हुनसक्ने उनले जानकारी दिए । पछिल्लो समय मकवानपुरमा गाई तस्करीका घटना बढ्दै गएका छन् ।

## मकवानपुरका पाँच वडामा 'एक वडा, एक उत्पादन'

सन्देश संवाददाता

हेटौंडा/दुई जिल्लाका केही वडामा 'एक वडा, एक उत्पादन' कार्यक्रम सुरु गरेको छ । चितवन र मकवानपुरका पाँच वडामा कार्यक्रम सुरु गरिएको हो ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालय बागमती प्रदेश कृषि विकास हेटौंडाले कार्यक्रम कार्यान्वयनमा ल्याएको हो । मकवानपुरका तीन स्थानीय तहका चार वडा र भरतपुर महानगरपालिकाको एउटा वडा छनौट भएर कार्यक्रम सुरु गरिएको छ । कार्यालय प्रमुख झलकनाथ कँडेलका अनुसार भरतपुरको वडा–२४ मा तरकारीखेती प्रवर्द्धन, मकवानपुरको भीमफेदी गाउँपालिका–५ मा किबीखेती प्रवर्द्धन, इन्द्रसरोवर गाउँपालिका–४ मा तरकारीखेती, हेटौंडा वडा–१ मा कोदो प्रवर्द्धन, वडा–१३ मा मेवाखेती प्रवर्द्धनका लागि कार्यक्रम सञ्चालन गर्न लागिएको हो ।

वडाभित्र लक्षित कृषक समूह र लक्षित समुदाय छनौट गरी कार्यक्रम सञ्चालन गर्न लागिएको कँडेलले बताए । प्रत्येक वडामा ४० लाखका दरले प्रदेश सरकारले बजेट विनियोजन गरेर कार्यक्रम सञ्चालन गर्न लागेको हो । परियोजनाको कुल लागतको ६० प्रतिशत् प्रदेश सरकार, २० प्रतिशत् सम्बन्धित पालिकाले र २० प्रतिशत् लक्षित कृषक समुदायले लगानी गर्नुपर्ने हुन्छ । हाल उक्त कार्यक्रम मकवानपुरको भीमफेदी र इन्द्रसरोवरमा सम्झौता भइ कार्यान्वयनको चरणमा पुगेको छ ।

कार्यालयका कृषि अर्थविज्ञ निर्मल पौडेलका अनुसार हेटौंडा वडा–१३ मा सम्झौताको चरणमा छ । कार्यक्रमलाई उत्पादन सामग्री तथा प्रविधि सहयोग, कृषकको क्षमता विकास तथा प्रविधि प्रसार, कृषि यान्त्रिकीकरण प्रवर्द्धन सहयोग गर्ने गरी कार्यक्रम लागु गर्न लागिएको हो । सिचाईं व्यवस्थापन, संरक्षित संरचना तथा कृषि पूर्वाधार निर्माणमा कार्यक्रमले सहयोग गर्नेछ ।

सुरुमा तीन वडामा कार्यक्रम लागु गर्न बजेट विनियोजन गरिएको भए पनि पछि दुई वडा थप भएको उनले बताए । कार्यक्रम पाँच वर्ष सञ्चालन हुने भएकाले हरेक वर्ष ४० लाखका दरले प्रदेश सरकारले बजेट विनियोजन गर्ने उनले बताए । पहिलो चरणको कार्यक्रममा सम्झौता हुन नसकेका वडा पछिल्ला वर्ष आउने यस्ता कार्यक्रमका लागि छनौट नगरिने उनले बताए । समूह छनौटका लागि स्थानीय वडा कार्यालय र सम्बन्धित स्थानीय तहको कृषि शाखाले सिफारिस गर्नेछन् ।

**उखान:** विवेक मात्र दुर्लभ छ । अविवेक मात्र सर्वसुलभ छ ।

**|||| बेलाको बोली ||||**

- झण्डै दुइ सय डलर गोजीमा हालेर अमेरिका छिरेका

*बुझली*

## सम्पादकीय

# वित्तीय साक्षरता जरुरी

*नेपालको अर्थतन्त्रको जग सरकारी, सहकारी र निजी गरी तीनवटा खम्बामा अडिएको छ । सहकारी नेपाली अर्थतन्त्रको एउटा खम्बा हो । सहकारीलाई समाजवादी अर्थतन्त्रको एउटा भ्रूण वा आधारभूत अभ्यासका रूपमा प्रगतिशील समाजशास्त्रीहरूले परिभाषित गरेको पाइन्छ । त्यसैले सहकारीको अत्यन्त ठूलो महत्व छ । विश्वका कैयौं देशका सहकारीहरूले सरकारले भन्दा राम्रो जनसेवी काम गरेका छन् । समान समस्या र समान जीवनस्तर भएका जनताको आर्थिक सामाजिक सहकार्यले जीवन निर्वाह र आर्थिक प्रगतिका लागि निकै सकारात्मक प्रतिफलहरू पनि देखिएका छन् । भारतकै उदाहरण दिंदा पनि त्यहाँ कतिपय प्रान्तमा कृषि क्षेत्रको आत्मनिर्भरताको जग नै कृषि सहकारी भएका छन् । तर, नेपालको सहकारिता आन्दोलन मूलरूपमा उत्पादनमुखी नभएर वित्तमुखी मात्र भएको देखिन्छ । कतिपय कृषि सहकारी उत्पादनमुखी कम र वित्तीय कारोवारमुखी धेरै भएको पाइन्छ ।*

*नेपालका सहकारीहरू किन उत्पादनमुखी भएनन् भन्ने प्रश्नको उत्तर खोज्दा स्वयं सरकार नै उत्पादनमुखी छैन । किसानहरूले उत्पादन गरेको पैदावारलाई नेपाल सरकारले एउटा बजार व्यवस्थासम्म गर्न नसक्नु गम्भीर समस्या भएको छ । एकातिर यो अवस्था भएको छ भने अर्कोतिर विभिन्न राजनीतिक दलका भ्रष्ट नेता, ठग सहकारी सञ्चालकको मिलिभगतमा देशका सहकारी ठगी, लुट र भ्रष्टाचारका अखडामा परिणत भएका छन् । यसरी नेपाली अर्थतन्त्रको एउटा खम्बाका रूपमा परिभाषित सहकारी क्षेत्रको छवि बिग्रेको छ र सहकारीप्रति जनताको विश्वसनीयता घटेको छ । नेपाली समाजका पिँधमा परेका जनता धेरैजसो कम मात्र पढेका छन् । सामान्य साक्षर छन् । सहकारी संस्थाप्रति अपार विश्वास छ । तिनीहरूले सहकारी सञ्चालकसँग बचतको हिसाव माग्नसम्म आँट गर्दैनन् । यति व्याज भयो भनेपछि खुरूखुरू तिर्ने गर्दछन् । कहाँ, कति, कसरी, के का लागि र कस्तो व्यक्तिलाई आफूले बचत गरेको पैसा लगानी भएको छ भन्ने विषयमा समेत चासो राख्दैनन् ।*

*सहकारीका सम्पूर्ण सदस्यहरूलाई वित्तीय साक्षरता तालिम दिनका लागि सहकारीका केन्द्रदेखि स्थानीय संस्था सञ्चालकसम्मले योजनावद्ध तरिकाले तालिम सञ्चालन गर्नुपर्दछ । प्रत्येक सहकारी सदस्यमा सहकारी आफ्नो संस्था हो । यो हाम्रो जीवनपद्धतिसित जोडिएको छ भन्ने अनुभूत हुनुपर्दछ । सबै सहकारीका सदस्यहरू आधारभूतरूपमा ज्ञानका दृष्टिले दक्ष नभइकन सहकारीको विकास सकारात्मक संक्रमणको दिशामा अगाडि बढ्न सक्दैन भन्ने जानकारी सबै सहकारीकर्मीले राखुन् ।*

## मकवानपुरमा आज

१: जानकारी नआएको ।

## तपाईंको आज

| | |
|---|---|
| **मेष** व्यावहारिक समस्याले कामको मेसो मिलाउन नसकिएला । अरूका लागि बुद्धि खर्चनुपर्नेछ । आफ्नो प्रतिफल–बाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन् । | **बृष** व्यवसायको सन्दर्भमा यात्रा हुन सक्छ । प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ । घुमफिर तथा मनोरञ्जनको समय छ । |
| **मिथुन** प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ । भौतिक साधनले जीवन–शैलीमा परिवर्तन ल्याउन सक्छ । सोखले खर्च भने बढाउन सक्छ । | **कर्कट** औपचारिकता र उपहारमा पनि अधिक खर्च हुनेछ । आँटेका काममा साथीभाइबाट सहयोग मिल्नेछ । भौतिक साधन जुट्नाले काम बन्नेछ । |
| **सिंह** साहसी काम गरेर लाभ उठाउन सकिनेछ । परिस्थितिले प्रतिपक्षीहरू नै सहयोगी बन्नेछन् । विश्वास नलागेको काम समेत बन्न सक्छ । | **कन्या** शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा विजयी भइनेछ । दुश्मनी गर्नेहरूले पनि मित्रताका हात अघि बढाउने योग देखिनेछ । |
| **तुला** काम रोकिनाले लक्ष्यप्राप्ति नहुन सक्छ । अरूका लागि उपयोग भइनेछ भने परिस्थिति आफ्ना लागि अलि प्रतिकूल बन्न सक्छ । | **बृश्चिक** अवसर प्राप्त भए पनि काममा ढिलासुस्ती हुनेछ । प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोऱ्याउनु–पर्ला । संघर्षले कर्मयोग अघि बढ्नेछ । |
| **धनु** आश्वासन दिनेहरूले आफ्नो प्रतिबद्धता पूरा नगर्न सक्छन् । हल्लाको भरमा अरूको विश्वास गर्दा धोका हुन सक्ने योग देखिनेछ । | **मकर** आफन्त र परिवारजनलाई समय दिनुपर्ने हुन सक्छ । कृषि, पशुपालन तथा घरेलु कामकाजमा बढी प्रवृत्त भइने छ । बलजफ्तीले काम बिग्रन सक्छ । |
| **कुम्भ** विभिन्न उपहार प्राप्त हुने समय छ । सहयोगीहरूले राम्रो साथ दिनेछन् । रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ । | **मिन** उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । प्रतिद्वन्द्वीहरूलाई सजिलै हराउन सकिनेछ । गरिएका कर्मको उचित प्रतिफल पाइनेछ । |

**हाम्रो सम्पर्क ठेगाना**
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८०१०६७२३६
बिज्ञापन शाखा : ९८६५१७५१३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# सत्य र भ्रमको दोधारमा पत्रकारिता



✍ राजुराम राउत

सामाजिक सञ्जाल र युट्यूबरले असल पत्रकार र पत्रकारितालाई गम्भीर असर पुऱ्याई रहेको पाईन्छ । यस्तो परिस्थितिमा समाचारको धर्म र मर्म मर्दा पत्रकारको समेत जिम्मेवारीमा आँच आईरहँदा पछिल्ला दिनहरुमा आमनागरिक भ्रममा परि समाज नै गलत सूचनाको शिकार भई अराजकतातर्फ धकेलिएको पाउन सक्छौं । यसो हुँदा पत्रकारहरुले सत्यतथ्य जनता सामु उजागर गर्नुपर्नेमा झन् हो मा हो मिलाउँदा समाज झन् अँध्यारो तर्फ लम्किरहेको छ ।

हो सत्य तथ्य ल्याँउदा बाहुभाई जस्ता आक्षेप आईरहेका पनि छन्, तर समाजमा असल सूचना प्रवाह गर्छु भन्दा अनेकौं बाधा अड्चन आउछन् । कतिपय अवस्थामा अप्रिय खबरको र गम्भीर परिस्थितिको सामना गर्नु पर्ने पनि देखिन्छ । भखरै एभिन्युज टेलिभिजनका पत्रकार सुरेश रजकको अनाहकमा ज्यान गुमेको दृष्टान्त मुटु मिचेरै पचाईरहनु भएको छ । असल पत्रकारिताको यहि बिबिध कारणले बिशिष्टता हासिल गर्नु भएको समेत तत्थ्यलाई मध्येनजर राख्दा कोठे पत्रकार भनिरहनु भएका सामाजिक सञ्जाल र युट्युबरहरुले धुमिल्याउने कार्यसमेत भैरहेको पाईन्छ ।

आजको युगमा सूचना प्रविधिको विकाससंगै सामाजिक सञ्जालले पत्रकारिता र समाचार प्राप्त गर्ने तरिकामा महत्वपूर्ण परिवर्तन ल्याएको छ । यसले आजको पत्रकारिताको धर्म र मर्ममा धक्का पुगेको छ। जे भइरहेको छ, त्यसले नेपाली समाजमा एउटा अराजकता फैलाउने खतरा निम्त्याउदै आएको पाईन्छ । युट्यूब र अन्य सामाजिक सञ्जालका माध्यमबाट फैलिइरहेका गलत सूचनाले हाम्रो समाजलाई भ्रमित गरिरहेका छन् । यही सन्दर्भमा पत्रकारको जिम्मेवारी के हो ? कत्रो महत्वपूर्ण छ तिनले बोक्ने जिम्मेवारी ? यो आलेखमा यिनै प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरेको छु ।

सामाजिक सञ्जालका चेनलहरू, जस्तै फेसबुक, ट्विटर, युट्यूब आदि, त्यस्ता प्लेटफर्म हुन्, जहाँ कुनै पनि व्यक्तिले कुनै पनि बिषय जानकारी छिटो र सजिलैसंग साझा गर्न सक्छ । यसले सम्प्रेषणको गति बढाउंछ, तर यहाँ जोखिम पनि छ। गलत जानकारी छिटो फैलिनु सामाजिक सञ्जालको ताकतको दुईधारका लागि हो। युट्यूब–र र अन्य सामग्री निर्माताहरूले पत्रकारिता जस्तो जिम्मेवार र सत्य जानकारी प्रकाशन गर्नुपर्छ । तर, धेरैजसो संलग्नता र मनोरञ्जनलाई प्राथमिकता दिँदै वास्तविकताको विसंगति व्यस्त छन् । गलत सूचना र समाचार सन्देशहरूको भयावह प्रभाव पर्दछ । जब सामान्य नागरिकलाई गलत जानकारी प्राप्त हुन्छ, तब उनीहरूमा भ्रम उत्पन्न हुन्छ । यस्ता सूचनाहरूले धारणाहरूमा भिन्नता ल्याउंछन् र यसले सामाजिक तनावको वातावरण सिर्जना गर्छ । उदाहरणका लागि, कुनै अप्रिय घटना वा राजनीतिक विषयमा फैलिएका गलत तथ्यहरूले समाजमा अराजकता र अस्थिरता छरि दिन सक्छ ।

पत्रकारहरूको प्राविधिक र नैतिक जिम्मेवारी भनेको सत्यता र तथ्यलाई कायम राख्नु हो । यद्यपि वेब र डिजिटल मिडियामा समाचारको प्रवाह तीव्र भएको छ, तर पत्रकारको भूमिका अझै पहिलै जस्तै महत्वपूर्ण छ । पत्रकारहरूले सुनिश्चित गर्नुपर्छ कि उनीहरूले प्रस्तुत गरिरहेका सूचनाहरू विश्वसनीय, साँचो र प्रमाणित छन् । यदि पत्रकारहरूले आफ्नो जिम्मेवारीमा चूक गरे, तब परिणामस्वरूप आउने अराजकताले नागरिकको विश्वास र समाजका मुल्यहरूलाई चोट पुऱ्याउंछ । सामाजिक सञ्जालका प्रयोगकर्ताहरू मात्र तीव्रता दिने कारण होइनन्, तर ती पनि जिम्मेवार प्रवृत्तिका रूपमा उत्प्रेरित गर्नुपर्छ । समाचारको प्रतिवेदन गर्दा र प्रतिक्रियामा चित्त बुझाउनका लागि सांचो तथ्य र प्रमाणहरूमा जोडिनुपर्छ । सबै प्रयोगकर्ताहरूले सञ्चारको साझा जिम्मेवारीलाई बुझ्नुपर्छ, जसले गर्दा गलत जानकारीको प्रभावलाई न्यून गर्न सहयोग पुऱ्याउँछ ।

सामाजिक सञ्जाल र युट्यूबरहरूले पत्रकारिता र समाचारको दुनियाँमा कुनै न कुनै तरिकाले असर पुऱ्याउने कुरा पक्का छ । यस अवस्थामा, सत्यता र सम्पूर्णता सुनिश्चित गर्नु पत्रकारको प्रमुख दायित्व हो । गलत जानकारीको बढ्दो प्रभावलाई दृष्टिगत गर्दै, पत्रकारहरूले हार्दिकताको साथ सत्यतालाई उजागर गर्दै समाजको गहिराइमा पर्ने समस्याहरूको समाधानमा योगदान गर्नुपर्छ । यदि पत्रकारिता गलत सूचनासंग हार्दिकता र गाम्भिर्यताका साथ लड्न सकेन भने, समाज झन् अस्तव्यस्त, अराजक र अनिश्चिततामा पुगेको हुनेछ । यस्ता दृष्य हामीले हालै देख्यौं, भोग्यौं र दिग्भ्रमितसमेत भयौं । सबैले आफ्नो स्वार्थ र अनुकुलतालाई सत्य र तथ्य बटार्दा, मोड्दा र दृष्यलाई तोडफोड गर्दा ठुलो धनजनको समेत खति ब्यहोर्नु पऱ्यो । झन् आमजनमानसमा के सहि के गलतको चपेटामा नकारात्मकतालाई अंगिकार गर्न थाल्यौं ।

यस आधारमा, हामी सबैलाई, विशेषरूपमा पत्रकारहरूलाई, हिम्मत गर्नुपर्छ र सांचो सूचनाको जगमा खडा भएर समाजको सही दिशा निर्धारण गर्न सहयोग गर्नुपर्छ । यति हुनु आवश्यक छ कि हाम्रो समाजलाई सुरक्षीत, समृद्ध र जानकार बनाउने काममा संलग्न रहन सकौं । यसकै माध्यमबाट हामीले सूचना प्रविधि र पत्रकारिताबीचको सन्तुलन कायम राख्न सक्छौं । साथै, नैतिकता र जिम्मेवारीमा बढी महत्वपूर्ण हुन्छौं ।

आजको प्रतिस्पर्धात्मक समाजमा, पत्रकारलाई सत्यता र पारदर्शिता कायम राख्न निरन्तर कोशिश गर्नु आवश्यक छ । सामाजिक सञ्जाल र युट्यूबका चुरोटले पत्रकारितालाई मात्र चुनौती दिएको छैन, एक अवसर पनि दिएको हो कि पत्रकारहरूले आफ्नो कार्यप्रणाली परिवर्तन गरेर सत्यता र तथ्यको चुरोमा पुग्न पनि सक्छन । यस समयमा, जब समाज भ्रममा परिरहेको छ, पत्रकारहरूले सत्य र यथार्थताको उज्यालो प्रकाश फैलाउनुपर्ने जिम्मेवारी लिएका छन् । हरेक पत्रकारले आफ्नो जिम्मेवारीलाई बुझ्न र साँचो समाचार प्रकट गर्नका लागि कठिन मिहिनेत गर्नुपर्दछ, जसले गर्दा नेपाली समाजले यथार्थ र तथ्यलाई पहिचान गर्न सक्षम होस् ।

यसबाहेक, नागरिकको भूमिका पनि महत्वपूर्ण हुन्छ । नागरिकले पनि साझा गरिएको सूचना प्रति सचेत रहन र तथ्याङ्कहरूको सत्यता जाँच गर्न सिपालु बनाउनुपर्छ । यसो गर्दा मात्र हामी समाजलाई गलत सूचनाबाट बचाउन सक्छौं र साँचो पत्रकारिताको उज्यालो भविष्यको सिर्जना गर्न सक्छौं ।

# राज्य र आन्दोलनकारीबाट लोकतन्त्रको उपहास



✍ उमङ्गजंग शाह

लोकतन्त्रमा वैकल्पिक विचारलाई सधैं ठाउँ रहन्छ । आफ्नो अभिव्यक्तिमार्फत सम्पूर्ण नागरिकले आफ्ना विचारलाई प्रकट गर्न पाउनुपर्छ । शान्तिपूर्णरूपमा विरोध प्रदर्शन गर्न पाउनुपर्छ । पछिल्लो दुई–चार दिनमा यस्ता कुनै पनि लोकतान्त्रिक मूल्य र मान्यताको कदर गरिएको देखिएन । आन्दोलनकारी उग्रवादी र सरकार दमनकारी भूमिकामा देखियो । लोकतान्त्रिक मूल्य र मान्यतालाई तिलाञ्जलि दिँदै पाखुरीबलमा सबै अल्झिएको देखियो । कालो र सेतो धारणाको पछि नलागि सुशासनको कामना गर्ने हो भने तलका बुँदाहरुमा ध्यान जान आवश्यक छ ।

*☞ लोकतान्त्रिक अभ्यास चुनाव र सरकार :*

मात्र पूर्ण हुँदैन, बरु 'डिलेविरेटिभ डेमोक्रेसी' अर्थात् विचारशील लोकतन्त्रको प्रयासबाट मात्र सफल हुन सक्छ । संख्यकवादले मात्र लोकतन्त्र पूरा हुँदैन, यसको पूर्णताको लागि बहुलवाद नभई हुँदैन । समावेशिताको आवश्यकतालाई महत्व दिँदै कुनै पनि निर्णयले प्रभावित हुने जनसंख्याले उक्त निर्णयमा छलफल गर्ने मौका पर्याप्त पाउनु पर्दछ । विडम्बना, सरकार पक्षले जनताका आवाजलाई प्रतिगामी शक्तिको संज्ञा दिँदै त्यो आवाजविरुद्व नै शक्ति प्रदर्शन गर्ने निर्णय लियो ।

हो, नेपाली जनतालाई तर्साउन नेपाली जनता ल्याउँछु भनेको ? व्यवस्थामाथि प्रश्न जनस्तरबाट उठ्छ भने जनताको फ्रस्ट्रेसन बुझी समर्थन प्राप्त गर्ने बाटोतिर लाग्नुपर्ने होइन र ? लोकतान्त्रिक व्यवस्थामा आफ्नै देशको नागरिक शत्रु हुनै सक्दैन । निरंकुशतामा मात्र त्यो सम्भव छ । राज्यपक्ष लोकतान्त्रिक व्यवस्थाका हिमायतीहरूको यो कदम सरासर गलत हो ।

*☞ धर्म-संस्कृतिको प्रवर्द्धन गर्न पाउनु :*

लोकतान्त्रिक व्यवस्थाको बहुमूल्य उपहार हो । लोकतान्त्रिक व्यवस्थाअनुसार विरोधसभा, छलफल जेसुकै गरेर पनि आ-आफ्ना मूल्य-मान्यतालाई जोगाउन लोकतान्त्रिक व्यवस्थाले अवसर दिएको छ । कुनै पनि समुदायको मूल्य-मान्यतालाई बाहिरी शक्तिबाट रक्षा गर्ने र आन्तरिक दमनलाई निष्क्रिय पार्दै लाने लोकतन्त्रको स्वभाव हो । अर्थात् कुनै व्यक्तिलाई उसको धर्म-संस्कृति जबरजस्ती बोकेर हिंड्नुपर्छ भन्ने कुरामा लोकतान्त्रिक व्यवस्थाले समर्थन गर्दैन तर कुनै पनि व्यक्ति समूहको संस्कृति, धर्म आदिलाई बाहय शक्तिले नकारात्मक प्रभाव पार्दछ भने लोकतान्त्रिक व्यवस्थाले त्यस कार्यलाई रोक्दछ र कुनै पनि समुदायको मूल्य-मान्यतालाई प्रवर्द्धन गर्न सहयोग गर्दछ । यस्तो अवस्थामा व्यवस्थामाथि नै प्रश्न उठाउंदै गर्दा लोकतान्त्रिक व्यवस्थाको गुणहरूलाई उपयोग गर्नबाट आन्दोलनरत समूह चुकेको देखिन्छ ।

*☞ आन्दोलनका क्रममा राष्ट्रिय गान बजाई :*

कार्यक्रम गर्दै गर्दाको अवस्थामा अश्रु ग्यांस प्रहार गरी राज्य पक्षले शान्तिपूर्ण आन्दोलनलाई प्रभावित पारेको यथेष्ट प्रमाणहरू सामाजिक सञ्जालमा छाएका छन् । शान्तिपूर्णरूपमा भइरहेको कार्यक्रममा अश्रुग्यांस प्रहार गरी प्रदर्शन रोक्नु लोकतान्त्रिक पद्धति हुँदै होइन । तं पनि अलोकतान्त्रिक होस् त्यही भएर तंलाई अलोकतान्त्रिक व्यवहार गर्छु भनेर लोकतान्त्रिक व्यवस्थाले भन्न कदापी सुहाउँदैन, त्यो पनि राष्ट्रिय गान बजिरहेको बेलामा ।

*☞ व्यक्तिको सामाजिक करार राज्यसँग :*

नागरिकले आफ्ना हक, अधिकार, जीवन आदिको संरक्षणको दायित्व राज्यलाई सुम्पन्छ र असल नागरिकको भूमिका उक्त राज्यमा रही निर्वाह गर्दछ । यी करारलाई पूर्णरूपमा पालना राज्यले गर्दैन भने नागरिकले विरोध प्रदर्शन गर्न पाउनुपर्छ । तर, उक्त विरोधले अन्य नागरिकको स्वतन्त्रतालाई हनन् गर्दछ भने त्यो व्यक्तिका स्वतन्त्रतामाथिको अन्याय साबित हुनेछ । व्यक्ति, संघ, संस्थाले नराम्रै गरेको भए पनि त्यसउपर कारबाही गर्न राज्यसत्तालाई दबाब दिने हो । आन्दोलनकारीहरूबाट व्यक्तिगत सम्पत्ति, उद्योग र सञ्चारमाध्यममाथि आक्रमण हुनु अत्यन्तै निन्दनीय कुरा हो ।

*☞ व्यक्तिहरूको निजी सम्पत्तिको रक्षा :*

ब्यक्तिको ब्यक्तिगत सम्पत्तीको रक्षा गर्नु राज्यको प्रथम दायित्व हो । प्रदर्शनका क्रममा राज्यका नागरिकहरूको जीवनमाथि असर पर्न नदिन राज्यले संवेदनशीलरूपमा आफ्नो भूमिका निर्वाह गर्नुपर्दछ । प्रदर्शनकारीहरूलाई निजी सम्पत्ति र जनजीवनबाट पर राखी हुन सक्ने विध्वंशबाट जोगाउन प्रयास गर्नु पर्दछ । तर, आन्दोलनका क्रममा सरकारपक्षबाट नै निजी भवन प्रयोग गरी अश्रुग्यांस प्रहार गरेको सामाजिक सञ्जालमा यत्रतत्र देखिन्छ भने स्थानीयहरूले समेत ती कुरालाई पुष्टि गरिरहेका छन् । आक्रोशित भीडलाई निजी सम्पत्तिबाट टाढा डाइभर्ट गर्नुको साटो निजी सम्पत्तितिर नै आकर्षित गराउने प्रशासनको भूमिका अत्यन्त गैरजिम्मेवारीपूर्ण देखिन्छ । त्यसपछिको शिलशिला सर्वविदित नै छ ।

*☞ आक्रोश आन्दोलनको विविध प्रकृति :*

आन्दोलनको नेतृत्व लिनेहरूले आक्रोशित आफ्ना समूहलाई संयम राख्न र सन्तुलन कायम गर्न सघाउनुपर्ने हो । नेतृत्व त्यसैका लागि आवश्यक हुन्छ । तर, यस आन्दोलनका क्रममा नेतृत्वमा रहेका व्यक्तिले बेतुकको स्टण्डबाजी, फिल्मी हिरो बन्न खोजिएको, जबरजस्ती बाहुबली शक्ति देखाउँदै मानवविरुद्ध यन्त्र प्रयोग गरेर सुरक्षा घेरा तोड्नेजस्ता कार्य गरी अनावश्यक नजिर बसाल्दै समूहको आक्रोशलाई झनै उत्तेजित तुल्याएको प्रष्टरुपमा देखिन्थ्यो । यसले लोकतान्त्रिक विधिबाट विरोध प्रदर्शन गर्ने चरित्रलाई पक्कै बयान गर्न सक्दैन । यो आन्दोलनको नेतृत्वबाट साह्रै गैर जिम्मेवारीपूर्ण कार्य रहयो ।

*☞ राज्यपक्षका हिमायतीहरु :*

मिडियाहरूको एकोहोरो आन्दोलनकारीको विरुद्वमा समाचार सम्प्रेषण गर्ने प्रवृत्तिले बहुलवादको उपहास गर्दै इलिट मोडललाई अपनाइएको झल्को दिन्थ्यो, ठूला शक्ति मिली समाजको दिशा निर्धारित गरेजस्तो । निजी घरमा आक्रमण भएको प्रशस्त समाचार आउँदा त्यस घरलाई प्रयोग गरी अश्रुग्यांस प्रहार गरिएको भन्ने जनआवाजलाई सेन्सर गरियो । सामाजिक सञ्जालमा देखिएका कुरा र मूलधारका मिडियाले भनेको कुरा मेल नखाने देखिन्थ्यो । निजी घर लाई प्रहरीले किन प्रयोग गऱ्यो भन्ने प्रश्न कतैबाट सुनिएन न नै, ती प्रहरी नै थिए कि थिएनन् भन्ने प्रश्न ? सामाजिक सञ्जालमा त्यही मिडियाकर्मीको अगाडि स्थानीयले वास्तविक घटना बताइरहेको देखिन्थ्यो तर मूलधारका मिडियामा ती कुराले ठाउँ पाएनन्, बरु एकोहोरो आन्दोलनकारीलाई अपराधीको संज्ञासमेत दिन पछि परेनन् । राज्यको कार्यदेखि निराश भई आन्दोलनमा होमिएका नेपाली नागरिकहरु हिंसात्मक समूह हुन्छ ? व्यवस्थाउपर तिनको भरोसा कायम गराउने दायित्व राज्य, राज्य संयन्त्र र राज्यका अङ्गहरूको होइन ? लोकतान्त्रिक व्यवस्थामा लोकतन्त्रमाथि नै प्रश्न उठे पनि त्यो लोकतान्त्रिक पद्धतिभित्रै पर्छ भन्ने कुरा नबुझेका हुन् त यी मिडियाहरूले ? यस्ता विषयमा एक पक्ष भएर समीक्षा गर्दा त्यो लोकतान्त्रिक व्यवस्थाको संरक्षणमा देखिए पनि अलोकतान्त्रिक हुन्छ भन्ने कुरा बुझेका छन् कि छैनन् ? यसरी लोकतान्त्रिक व्यवस्था कसरी गहिराइमा पुग्दछ ? के हामी संधै संक्रमणकालीन लोकतन्त्रमा नै अल्झिएर बस्ने ? राज्यको चौथो अंगले लोकतान्त्रिक संस्कृतिलाई प्रगाढ बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ ।

*☞ आन्दोलनका क्रममा आन्दोलनकारीमध्येका या गलत प्रबृती :*

आन्दोलनका क्रममा लुटपाट एवम् आगजनीका घटनाहरू गराए, त्यो साह्रै निन्दनीय छ र नेतृत्वको भूमिका साह्रै फितलो र संरचनाको अभाव प्रष्ट देखिन्छ । संस्थागत आन्दोलन भनिए तापनि संस्थालाई पूर्णता दिने संरचना देखिएन । कुनै पनि प्रभावशाली संरचनालाई पुष्टि गर्ने पक्षहरू जस्तै– उपयुक्त योजना, समन्वय तथा रणनीतिहरू आन्दोलनका क्रममा देखिएनन्, जसले आन्दोलनलाई अनियन्त्रित र अराजक बनायो । मिडिया, गोष्ठी, समारोहमा लक्ष्य र रणनीतिका कुरा गर्ने नेतृत्वमा रहेका व्यक्तिहरूको स्थलगत कार्यक्षमता स्तरहीन देखियो ।

*☞ सुरक्षा संयन्त्रको फितलो र गैरजिम्मेवारी पूर्ण उपस्थिति :*

अप्रिय घटनाको अनेकन कारणहरूमध्ये एक संवेदनशील कारण रहयो। सुरक्षा संयन्त्र जनधनका सुरक्षाका लागि संधै तत्पर रहनु पर्दछ भन्ने मान्यता हो । कुनै पनि घटनालाई पूर्वआंकलन गर्दा 'वर्स्ट केस सिनेरियो' अर्थात् निम्तन सक्ने विषम परिस्थितिलाई ध्यानमा राख्नुपर्ने हो । तर, खटाइएको प्रहरीको संख्या र स्थलगत उपस्थितिले गैर जिम्मेवारीपनको पराकाष्ठालाई उजागर गरेको छ । सुरक्षा निकाय थोरै संख्या भन्दै जिम्मेवारीबाट पन्छिएको देखिन्छ । सुरक्षा व्यवस्थापनको उचित तयारी संविधानले दिएको स्थानीय, आन्दोलनकर्ता, स्वयं सुरक्षा संयन्त्र वा अन्य व्यक्तिहरूको ज्यान-धनको सुरक्षाको अधिकारका लागि मात्र होइन, आन्दोलन गर्न पाउने अधिकारको सुनिश्चितताको लागि समेत अत्यावश्यक हुन्छ ।

यही फितलो अभ्यासका कारण सेनालाई समेत आन्दोलन स्थलमा उतार्नुपर्ने आवश्यकता निर्माण भएको पाईयो, जुन लोकतान्त्रिक अभ्यासका लागि राम्रो नजिर पक्कै पनि होइन । अर्कोतिर डेट एक्सपायर भएका टियर ग्यांसको समेत प्रयोग गरी नेपाली नागरिकको स्वस्थ रहन पाउने अधिकारमाथि नै खेलबाड गरिएको देखियो, जुन जति निन्दा गरे पनि कम हुन्छ । आफ्ना जवानहरूलाई आन्दोलनकारीबाट घेरिने गरी संवेदनशील अवस्थामा छोड्ने र हतियार नबोकेका नेपाली नागरिकमाथि के आधारमा गोली चलाइयो भन्ने प्रश्न लोकतान्त्रिक व्यवस्थामा पक्कै महत्वपूर्णरूपमा लिइनेछ भन्ने आश गरौं । आगलागी भएको भवनमा फसेका पत्रकारको उद्दार गर्न सहकर्मीहरूले बारम्बार आग्रह गर्दासमेत उदासीनता देखाएको भनिएको विषय पनि उत्ति नै गम्भीर बिषय बनेको छ ।

*☞ आन्दोलनकारीहरूमा राजनीतिक चेतना देखिएन :*

हामीले कुन लक्ष्य प्राप्ति गर्नका लागि आन्दोलन गरिरहेका छौं ? हाम्रा परिधिहरू कहाँसम्म छन् र त्यसलाई नाघ्दा परिस्थिति के सम्म हुन सक्छ ? भन्ने कुराको हेक्का सर्वसाधारण आन्दोलनकारीहरूले राखेको देखिएन । आस्था आफ्नो ठाउंमा हुन सक्ला, तर राजनीतिक चेतनाबिना लोकतान्त्रिक अभ्यास हुन सक्दैन । अलिकति उत्तेजित हुन नपाउँदै ढुंगामुढा गर्ने र तोडफोडमा लाग्ने प्रवृत्ति हाबी भएको देखियो । सरकारी गाडी जलाउने आदिको नजिर त प्रभावशाली पार्टीहरूले नै बसालेका छन्, त्यो पनि अलोकतान्त्रिक नै हो ।

तर यहाँ निजी स्टोरसमेत लुटिएको घटना आउँदै गर्दा, पार्टी अफिस तोडिएको घटना सार्वजनिक हुँदै गर्दा, राजनीतिक संस्कृतिको अभ्यासको अवस्था निकै फितलो रहेको देखिन्छ । आन्दोलनका नेतृत्व गर्नेहरूका उग्र भाषण र सत्तापक्षले नै बारम्बार होच्याउने प्रवृत्तिले यी आन्दोलनकारीहरूलाई उग्र बनाएको देखिन्छ । संयमता नै लोकतन्त्रको आधार हो । उग्रवाद हाबी हुनासाथ लोकतन्त्र खतरामा पर्छ। यसअघिको गणतन्त्रको लागि भएको जनआन्दोलनबाट पनि दलहरुले सिक्नुपर्ने पाठ हो यो । जनता जागेपछि कसैको केही जोडबल चल्दैन, त्यसैले जनतालाई खुशी बनाउन र उनीहरुको ईच्छा आकाक्षा बमोजिम काम गर्नुको बिकल्प देखिदैन ।

साभार: न्यूज अफ नेपाल

# निकुञ्जले लगायो पाँच सय हेक्टरमा नियन्त्रित डंढेलो



कसरा/चितवन राष्ट्रिय निकुञ्जले पाँच सय हेक्टरभन्दा बढी क्षेत्रफलमा नियन्त्रित डढेलो लगाएको छ । गत फागुन दोस्रो सातादेखि निकुञ्जले घाँसेमैदान व्यवस्थापनका लागि नियन्त्रित डढेलो लगाएको हो ।

निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरका अनुसार घाँसेमैदान व्यवस्थापनका लागि नियन्त्रित डढेलो लगाइएको बताउँदै निकुञ्जका कर्मचारी, नेपाली सेना, स्थानीयसहितको टोलीले डढेलो लगाएर नियन्त्रणमा लिएका जानकारी दिए । उनका अनुसार निकुञ्जको पूर्वी क्षेत्रमा दुई सय हेक्टरभन्दा बढी र पश्चिम क्षेत्रमा तीन सय हेक्टरभन्दा वढी क्षेत्रफलमा डढेलो लगाइएको थियो ।

"घाँसेमैदानमा भएका ज्वलनशील पदार्थमा डढेलो लगाएर नियन्त्रणमा लिएका हौँ", सूचना अधिकारी मगरणले भने । निकुञ्जमा नेपाली सेना र निकुञ्ज कर्मचारीले डढेलो लगाएका बताउँदै मध्यवर्ती सामुदायिक वनमा उपभोक्ता समितिहरुले निकुञ्जको समन्वयमा नियन्त्रित रुपमा घाँसेमैदान व्यवस्थापनका लागि डढेलो लगाएका उनले जानकारी दिए ।

अहिले नियन्त्रित डढेलो लगाइसकिएको बताउँदै उनले अग्नि रेखा व्यवस्थापनको कामलाई तीव्र बनाइएको मगरले जानकारी दिए । उनले भने, "निकुञ्जभित्र रहेका अग्नि रेखाहरुको व्यवस्थापनको काम भइरहेको छ । सरसफाइ गर्ने, नयाँ अग्नि रेखा बनाउनेलगायत काम भइरहेका छन् ।" पछिल्ला दिनमा अनियन्त्रित डढेलो लगाउन सुरू भएकाले यसलाई रोक्न नेपाली सेना र निकुञ्ज कर्मचारीसहित २० जनाको संयुक्त 'रेस्पोन्स' समूह बनाएर काम भइरहेको उनले बताए ।

निकुञ्ज क्षेत्रमा भन्दा अहिले मध्यवर्ती क्षेत्रमा अनियन्त्रित डढेलो बढी लगाइएको पाइएपछि टिमले ती डढेलो नियन्त्रण गर्दै आइरहेको निकुञ्जका सूचना अधिकारी मगरले बताए । उनका अनुसार निकुञ्जमा १० हजार हेक्टर क्षेत्रफल घाँसेमैदान रहेकामा अहिले तीन सय हेक्टर क्षेत्रफलको घाँसेमैदान व्यवस्थापन गरिएको छ ।

"नियन्त्रित डढेलोबाट वन्यजन्तुले नखाने ढड्डी, फोहर, पातलगायत घाँस डढ्ने गर्दछ । घाँसेमैदानमा नियन्त्रित डढेलो लगाउँदा नयाँ र कलिलो घाँस पलाउने भएकाले जनावरलाई चरनका लागि सहज हुन्छ", मगरले भने । उनका अनुसार नियन्त्रित डढेलोले जनावरमा क्षति गर्दैन । डढेलोपछि उम्रने कलिलो घाँसका कारण वन्यजन्तु बस्ती पस्न पनि कम हुने उनले विश्वास व्यक्त गरे । वसन्तयाममा घाँस तथा बुट्यानमा नयाँ पालुवा पलाउने मौसम भएकाले नियन्त्रित डढेलो लगाउने गरिन्छ ।

यस निकुञ्जमा गैंडा, बाघ, हात्ती, चित्तललगायत दुर्लभ वन्यजन्तुहरु छन् । यहाँ विश्वभरबाट पर्यटक जङ्गल सफारीका लागि आउने गर्दछन् । नियन्त्रित डढेलो लगाएर निकुञ्ज सफा भएपछि निकुञ्जभित्रको बाटोबाट टाढाटाढासम्म वन्यजन्तु देख्न सकिन्छ । डढेलोपछिको मौसममा पर्यटकहरुले सहजै वन्यजन्तु देख्ने भएकाले सफारीका लागि रूचाउने निकुञ्ज कार्यालयले जनाएको छ ।


## सरकार र सहकारी तथा लघुवित्त संघर्ष समितिबिच भएको सहमति



काठमाडौँ/सरकार र सहकारी तथा लघुवित्त संघर्ष समितिबिच भएको सहमति कार्यान्वयन नभएको भन्दै काठमाडौँमा प्रदर्शन भएको छ । सहमति कार्यान्वयनको मागसहित सहकारी बचतकर्ता संरक्षण राष्ट्रिय अभियान महासंघको अगुवाईमा काठमाडौँमा आन्दोलन भइरहेको हो । आन्दोलनका लागि विभिन्न जिल्लाबाट लघुवित्त पीडित काठमाडौँमा आएका छन् । बिहीबार उनीहरूले काठमाडौँको माइतीघरदेखि बानेश्वर सम्म प्रदर्शन गरेका थिए ।

सहकारी पीडित, लघुवित्त पीडित तथा मिटरब्याज पीडित–हरूसँग यसअघि सरकारले गरेको सहमति कार्यान्वयन गरेको भन्दै पुन आन्दोलन गर्नुपरेको महासंघका अध्यक्ष कुशलभ केसीले बताए । उनले सरकारले पटक पटक सम्झौता गर्ने तर, पीडितको समस्या समाधान नगर्ने गरेको आरोप लगाए । समस्या समाधानका लागि विभिन्न समिति बनाएर प्रतिवेदन बुझाइ सकेपनि कार्यान्वयनमा समस्या देखिएको महासंघको आरोप छ ।

# भारततर्फ नेपाली सामान निर्यातमा लगाइएको अवरोध फुकुवा



काठमाडौँ/भारततर्फ केही नेपाली सामान निर्यातमा लगाइएको अवरोध फुकुवा भएको छ । भारतले नेपाली सिमेन्ट, जस्तापाता, प्लाइउडलगायतका सामग्रीको ब्यूरो अफ इन्डियन सर्टिफिकेट (बिआइएस) प्रमाणपत्र नवीकरण गरेपछि निर्यातको बाटो खुलेको हो ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले केही महिनापहिले आफ्नो भारत भ्रमणका क्रममा समकक्षी पीयुष गोयलसँग सो विषयमा छलफल गरेका थिए । उनले नेपाली वस्तु भारत निर्यात गर्न र भारतीय बजारमा बिक्री वितरणको सहजीकरणका लागि पहल गरेका थिए ।

गत पुस २७ र २८ मा भएको नेपाल-भारत वाणिज्य सचिव–स्तरीय बैठकमा बिआइएस प्राप्ति, नवीकरण तथा निर्यात सहजीकरणका विषयमा गहन छलफल भएको थियो । नेपालका तर्फबाट प्राथमिकताका साथ उठाइएपछि भारतीय पक्षले समस्या समाधानका लागि प्रतिबद्धता जनाएको थियो ।

भारतले सिमेन्ट, जस्तापाता, प्लाइउड, सेनेटरी प्याड, जुत्तालगायतका सामग्री निर्यातमा बिआइएस अनिवार्य गरेको छ । भारतले बिआइएस नवीकरण नगर्दा नेपालबाट पाँच महिनादेखि भारततर्फ सिमेन्ट निर्यात र एक महिनादेखि प्लाइउड निर्यात रोकिएको थियो । बिआइएस नवीकरणको विषयलाई लिएर नेपालका व्यवसायीले नेपाल सरकारलाई दबाब दिँदै थिए ।

नेपाल प्लाइउड उत्पादक संघका अध्यक्ष होमप्रसाद घिमिरेका अनुसार बिआइएस प्राप्त गरेपछि निर्यात सहज हुनेछ । उनले भारतले अहिले बिआइएस नवीकरण गरिरहेको बताए । उनका अनुसार अहिले करिब एक दर्जन उद्योगले बिआइएस नवीकरण गरिसकेको छ ।

केही समयअघि भारत निर्यातका लागि काँकडभिट्टा पुर्याइएका ३४ ट्रक प्लाइउड बिआइएसको अभावमा नाकामै रहेको उनले जानकारी दिए । केही सिमेन्ट कम्पनीले पनि बिआइएस नवीकरण भएपछि भारततर्फ सहज रूपमा सिमेन्ट निर्यात गर्न लागेको जनाइएको छ ।

सो प्रमाणपत्र नवीकरणका लागि एक महिना म्याद अझै बाँकी रहेको छ । घिमिरेका अनुसार करिब तीन सिमेन्ट उद्योगले भारतमा निर्यात गरिरहेका र नवीकरण नभएका आधा दर्जन सिमेन्ट उद्योगले एक महिनाभित्र बिआइएस पाउनेछन् ।

# नेपालको अर्थतन्त्र उत्थानशील रहने विश्व बैंकको प्रक्षेपण




काठमाडौँ/आर्थिक वर्ष २०२४/२५ मा नेपालको अर्थतन्त्र ४ दशमलव ५ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ । जुन अघिल्लो आर्थिक वर्ष २०२३/२४ को दर ३ दशमलव ९ प्रतिशतको तुलनामा बढी हो । यद्यपि सन् २०२४ को अन्त्यतिर ठूला प्राकृतिक विपत्तिहरू घटेका थिए ।

विश्व बैंकद्वारा आज सार्वजनिक गरेको 'नेपाल विकास प्रतिवेदन: आर्थिक वृद्धि उकास्नका लागि उत्थानशीलताको लाभ उपयोग तथा सुधार कार्यान्वयन' अनुसार, यो वृद्धि मुख्यतः आन्तरिक व्यापार, जलविद्युत् तथा धान उत्पादनको वृद्धिबाट निर्धारित हुनेछ ।

प्रतिवेदनले सन् २०२५/२६ र २०२६/२७ मा नेपालको अर्थतन्त्रले औसत ५.४ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने प्रक्षेपण गरेको छ, जसमा सेवा क्षेत्रको प्रभाव उल्लेख्य रहनेछ । विश्व बैंकका माल्दिभ्स, नेपाल, र श्रीलंकाका लागि राष्ट्रिय विभागीय निर्देशक डेभिड सिसलेनले भने, 'नेपालले आवश्यक रोजगारी सिर्जना गर्न निजी क्षेत्रले अगुवाइ गरेको आर्थिक वृद्धिलाई बढावा दिनु अत्यावश्यक छ । यसलाई हासिल गर्नका लागि नेपालले आफ्नै उत्थानशीलत वृद्धिको प्रभावशाली इतिहासको जगमा प्रमुख संरचनागत सुधारहरू कार्यान्वयन गर्न आवश्यक छ ।'

प्रतिवेदनले नेपालको आर्थिक परिदृश्यमा रहेका सम्भावित जोखिमहरूलाई पनि औंल्याएको छ, जसमा भू-राजनीतिक र व्यापार सम्बन्धि अनिश्चितता समावेश छन् । यसले नेपालको वित्तीय क्षेत्रमा ऋणको गुणस्तरमा थप गिरावट आउन सक्ने सम्भावनाका साथै सरकारले बारम्बार कर्मचारीहरूको सरुवा गर्ने कारण उत्पन्न हुने नीतिगत असंगतिको जोखिम तथा पूँजीगत बजेट कार्यान्वयनमा हुने ढिलाइका सम्बन्धमा पनि उल्लेख गरेको छ ।

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष प्राध्यापक डा. शिवराज अधिकारीले नेपाल डेभलपमेन्ट अपडेटले पछिल्ला आर्थिक विकासबारे महत्वपूर्ण अन्तरदृष्टि प्रदान गर्नुका साथै नेपालको उत्थानशील आर्थिक वृद्धिलाई प्रकाश पारेको बताए । नेपालको १६औं योजना लक्ष्यहरू हासिल गर्न आर्थिक वृद्धिलाई थप मजबुत बनाउनुपर्ने भएकाले प्रभावकारी पूँजीगत बजेट कार्यान्वयन एवम् चालु परियोजनाहरू समयमै सम्पन्न गर्न आवश्यक रहेको उनले सुनाए । नेपाल डेभलपमेन्ट अपडेट वर्षमा दुईपटक प्रकाशित हुने प्रतिवेदन हो, जसले अघिल्लो वर्षका प्रमुख आर्थिक घटनाक्रमहरूलाई दीर्घकालीन विश्वव्यापी सन्दर्भमा राखेर विस्तृत विश्लेषण प्रदान गर्दछ ।

## सिकन्दरको 'बिजोग' मा बलिउडको मौनताबारे यसो भन्छन् सलमान



नयाँ दिल्ली/बलिउडका भाइजान **सलमान खान**को बहुप्रतिक्षित फिल्म 'सिकन्दर' को बक्स अफिसमा हाल बिजोग छ । फिल्मले समीक्षक र दर्शकबाट मिश्रित प्रतिक्रिया पाइरहेको छ ।

दुई दिनमै यस फिल्मले भारतीय बक्स अफिसमा १०० करोड कमाउने अपेक्षा गरिएको थियो । तर, यो स्तर पार गर्न सलमानले अझै केही दिन कुर्नुपर्ने देखिएको छ । फिल्मको कलेक्सनको ग्राफ द्रुत रूपमा तलतिर खस्दैछ ।

यतिबेला सलमानको एउटा भिडियो भाइरल भइरहेको छ, जसमा उनले आफूलाई सहयोगको आवश्यकता रहेको भनेको देखिन्छ । बलिउड बबलसँगको एक अन्तर वार्तामा उनले फिल्म उद्योगमा सेलेक्टिभ सपोर्टबारे कुरा गरेका थिए । सलमान प्रायः आफ्ना सहकर्मी र साथीहरूको फिल्मको प्रचार प्रसार गर्छन् । तर हिन्दी फिल्म उद्योग सिकन्दरको हरिबिजोगमा मौन छ ।

यस विषयमा टिप्पणी गर्दै सलमानले भने- 'उनीहरूलाई यस्तो लाग्न सक्छ कि मलाई सपोर्टको आवश्यकता छैन । तर, उनले तुरुन्तै भने, 'तर, यो त सबैलाई चाहिन्छ ।' त्यसपछि सलमानले आफ्ना सहकर्मीहरूको आगामी र हालसालै रिलिज हुन लागेका फिल्मबारे कुरा गरे । उनले सन्नी देओलको आगामी मास-एक्सन फिल्म जाटको नाम लिए ।

यो फिल्म यही अप्रिल १० मा रिलिज हुँदैछ । यसक्रममा उनले मलयालम ब्लकबस्टर एल २: एमपु–रानको पनि उल्लेख गरे । यो फिल्म सिकंदरभन्दा दुई दिनअघि मात्र रिलिज भएको थियो । यसले पहिले नै रेकर्डहरू बनाइरहेको छ । यस फिल्ममा मोहनलाल र पृथ्वीराज सुकुमारनले उत्कृष्ट अभिनय गरेका छन् । रोचक कुरा के छ भने बलिउड स्टारहरूमध्ये, सनी देओलले मात्र सार्वजनिक रूपमा सिकन्दरको प्रचार गरेका छन् ।

उनले सलमानको फिल्मको लागि सामाजिक सञ्जालमा पोस्ट गरेका थिए । आमिर खानले पनि सलमान र निर्देशक एआर मुरुगादोससँग एक प्रमोशनल भिडियोमा भाग लिए । यस यी दुई बाहेक अरू कसैबाट सलमानले सपोर्ट पाएनन् ।

## 'वसन्त'को देशब्यापी शो १८७, 'अञ्जिला' र 'सिकन्दर'ले कति पाए ?



काठमाडौँ/घरेलु बक्सअफिसमा 'अञ्जिला'को दबदबाबीच शुक्रबारदेखि दुई नयाँ फिल्म हलमा रिलिज हुनेछन् । प्रकाश सपुत निर्देशित 'वसन्त' र हलिउडको 'अ माइनक्राफ्ट मूभी' प्रदर्शन हुनेछन् ।

प्रदर्शनपूर्व हलले नयाँ २ र प्रदर्शनरत 'अञ्जिला', 'सिकन्दर', 'स्नो ह्वाइट', 'आउट ल', 'लाज शरणम्' र 'होस्टेल ३' बक्सअफिस प्रस्तुतिअनुसारका शो उपलब्ध गराएका छन् । देशभर १६५ हल संचालनमा छन् ।

बिहीबार दिउँसो १ बजेसम्मको विवरणअनुसार शुक्रबार को लागि 'वसन्त'ले देशव्यापी १८७ शो प्राप्त गरेको छ । सलमान खान स्टारर 'सिकन्दर'ले १२१, 'अञ्जिला'ले ८६ र नयाँ फिल्म 'अ माइनक्राफ्ट मूभी'ले ४० शो पाएका छन् । नयाँ र चल्दै गरेका फिल्मको कारण 'वसन्त'ले शो बाँड्नुपर्नेछ, जसको प्रभाव यसको ओपनिङमा देखिनेछ । फिल्मले पाएको शो संख्या सुखद हो । शो संख्या–अनुसार 'वसन्त'ले पहिलो दिन देशव्यापी १ करोड ग्रसको ओपनिङ गर्नुपर्ने हुन्छ ।

शो संख्याभन्दा अकुपेन्सी महत्वपूर्ण हो । बिहीबार दिउँसोसम्म फिल्मको एड्भान्स टिकट बिक्री न्यून छ । रातीसम्मको टिकट बिक्रीको ट्रेन्ड कस्तो देखिनेछ र यसको 'वर्ड अफ माउथ' कस्तो आउनेछ भन्ने कुराले यसको व्यवसायिक भविष्य निर्भर हुनेछ । अर्कोतर्फ, 'अञ्जिला'को लहर पनि जारी छ । मिलन चाम्स निर्देशित यो सप्ताहन्त पनि सुखद कमाइ गर्ने निश्चित छ । यस्तोमा, यो सप्ताहन्तको बक्सअफिस पर्फमेन्स धेरै कुरामा निर्भर हुनेछ ।

# कैलाशमा भूमि समस्या आयोग

सन्देश संवाददाता



**हेटौंडा/भूमि सम्बन्धि समस्या समाधानका लागि गठित भूमि समस्या समाधान आयोग मकवानपुरले आफ्नो कामलाई तीव्रता दिएको छ । मकवानपुरको बागमती गाउँपालिकाबाट सुरु भएको आयोगको अन्तरक्रिया तथा छलफल कार्यक्रम विहीबार कैलाश गाउँपालिकामा गरिएको छ ।**

**गाउँपालिकाको कार्यालय कालिकाटारमा भएको अन्तरक्रिया एवम् छलफल कार्यक्रममा भूमि समस्या समाधान आयोग मकवानपुरका विज्ञ सदस्य अर्जुनप्रसाद चौलागाईको प्रमुख आतिथ्यता तथा गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानको अध्यक्षता रहेको थियो । मकवानपुरको विकट भनिएको यस गाउँपालिकाका बासिन्दाको भूमि समस्या समाधानमा आयोगले काम गर्ने विज्ञ सदस्य चौलागाईले बताए । आयोगले गरेको काममा गाउँपालिका सहित सम्पूर्ण वडातहबाट साथ र सहयोग हुनुपर्ने बताउदै तयार भएका फाईलहरु समयमानै अनलाईन प्रविष्टि गरेर आवश्यक कामलाई अगाडी बढाउनु हुन आग्रह गरेका छन् ।**

**छलफलको क्रममा जनप्रतिनिधि, वडा सचिव र राजनिति दलका प्रतिनिधिहरुबाट उठेका विषय वस्तुहरुको चौलागाईले जवाफ दिएका थिए । कार्यक्रममा गाउँपालिकाका अध्यक्ष मुक्तानले भूमि सम्बन्धि समस्या छ, त्यसलाई समाधान गर्न गाउँपालिकाले प्रक्रियागत हिसाबले काम गरिने बताए । प्रमाणीकरण भएका फाइलहरु अड्केर बसेको समय धेरै भएको अवस्था छ, केही छुट जग्गा दर्ता कायम गर्न आयोगले पुनः सूचना जारी गरिनुपर्ने माग राखेका छन् ।**

**कैलाश गाउँपालिकामा भएकामा भूमिहिन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको ६ सय २५ जनाको लगत संकलन गरिएकोमा चार सय ६९ जनाको अनलाईन प्रविष्टि गरिसकेको गाउापालिका भूमि शाखाका प्रमुख हस्तराम नेगीले बताए । अनलाईन प्रविष्टि गरिएकोमा भूमिहिन दलितमा ६ जना, भूमिहिन सुकुम्बासीमा ६७ जना र बाकीँ सबै अव्यवस्थित बसोबासी रहेको उनले बताए ।**

**अन्तरक्रिया कार्यक्रममा गाउँपालिका उपाध्यक्ष बालकुमार मल्ल, आयोग मकवानपुरका सदस्यद्धय कविन सांगामी, डिल माया घर्ती, प्रमुख प्रशासकीय अधिकृत अमुल श्रेष्ठ, वडा नम्बर १ का वडाध्यक्ष तेजबहादुर ब्लोन, वडा ३ का कार्यबहाक अध्यक्ष राममाया प्रजा, वडा ४ का वडाध्यक्ष तीलकबहादुर मोक्तान, वडा ७ का वडाध्यक्ष उदास कुमार भोलन, ८ का वडाध्यक्ष आशिष प्रजा, ९ का वडाध्यक्ष भूवनसिं घलान, १० का वडाध्यक्ष सुर्यबहादुर ब्लोन, नेकपा माओवादी केन्द्रका गाउँपालिका अध्यक्ष रवीन्द्र थिङ, नेकपा एमाले गाउँपालिका सचिव बाबुराम मुक्तान, वडा कार्यालयका सचिवहरु–लगायतको उपस्थिति रहेको थियो ।**


## शिक्षक आवश्यकता

प्रथम पटक प्रकाशित मिति: २०८१/१२/२२

यस बिद्यालयमा रिक्त रहेको नि.मा.वि. तह संघीय अनुदान कोटामा अंग्रेजी बिषयको १ जना शिक्षक नियुक्त गर्नका लागि राक्सिराङ गाउंपालिकाको मिति २०८१/१२/१९ को च.न. १४८८ बाट प्राप्त अनुमतिपत्र र बि.ब्य.स.को मिति २०८१/१२/१४ को निर्णयअनुसार आवश्यक योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आब्ह्वान गरिन्छ ।

**तपशिल:**

| | |
|---|---|
| **विज्ञापन नं.** | : ०१-२०८१/०८२ |
| **तह** | : नि.मा.वि. संघीय अनुदान (अंग्रेजी) |
| **शैक्षिक योग्यता** | : मुल बिषय अंग्रेजी लिई +2 वा सोसरह उत्तीर्ण |
| **तलब सुविधा** | : नेपाल सरकारले तोकेबमोजिम |
| **दरखास्त दस्तुर** | : रु.१,५००/- (अक्षरेपी: एकहजार पांचसय मात्र ।) |
| **उमेर** | : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको |
| **परीक्षाको किसिम** | : लिखित र मौखिक |
| **दरखास्त दिने अन्तिम मिति** | : २०८२ बैशाख ५ गते ४:०० बजेसम्म |
| **सम्पर्क मिति** | : २०८२ बैशाख ६ गते ४:०० बजेसम्म |
| **परीक्षा मिति** | : सम्पर्क मितिमा जानकारी गराइनेछ । |

**आवश्यक कागजातहरू:**
१) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, २) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, ३) स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपि, ४) बायोडाटा एकप्रति अनुभव भए सो समेतको प्रतिलिपि ५) सम्पूर्ण कागजातहरु २/२ प्रति ६) हस्तलिखित निवेदन

**श्री बागेश्वरी आधारभूत बिद्यालय**
राक्सिराङ गाउपालिका-९ खैराङ, मकवानपुर
सम्पर्क नं.: ९८४५७७८९०२ (प्रअ), ९८४५२३७४१२ (अध्यक्ष)

बकैया गाउँपालिका, वडा नं. ६ को गवरस्थानमा रहेको फुलमाया गोले (कित्ता नं. १६२०) को नीजि जग्गाबाट माटो तथा ढुंगा संकलन तथा ब्यवस्थापन गरी बिक्री बितरणको लागि

**प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धि सार्वजनिक सूचना**


(प्रथम पटक प्रकाशित मिति: २०८१/१२/२२ गते)

बागमती प्रदेश, मकवानपुर जिल्ला, बकैया गाउँपालिका, वडा नं. ६ को गवरस्थानमा रहेको फुलमाया गोले (कित्ता नं. १६२०) को नीजि जग्गामा निम्न अनुसारको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम तथा ठेगाना | फुलमाया गोले<br>बकैया गा.पा. वडा नं. ६ गवरस्थान, मकवानपुर<br>फोन नं.: ९८४५६९६३५५ |
| प्रस्तावको ब्यहोरा | बकैया गाउँपालिका वडा नं. ६ को गवरस्थानमा रहेको फुलमाया गोले (कित्ता नं. १६२०) को निजी जग्गाबाट माटो/ढुंगा ब्यवस्थापन गरी बिक्री/बितरण गर्नु हो । |
| प्रभाव पर्न सक्ने जिल्ला/गापा/वडा | मकवानपुर जिल्ला, बकैया गाउँपालिका,<br>वडा नं.६ गवरस्थान, मकवानपुर |

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणालीबिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको स्थानीय तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

राय सुझावका लागि पत्राचार गर्ने ठेगाना :
१. बकैया गाउपालिका ६ नं. वडा कार्यालय
२. सम्पर्क ब्यक्ति : फुलमाया गोले । फोन नं.: ९८४५६९६३५५
**परामर्शदाताको नाम र ठेगाना :**
३. एडभान्स रिसर्च एण्ड कन्सल्टेन्सी प्रा.लि.
हेटौंडा–१ मकवानपुर । सम्पर्क : मो: ९८४०९८३४३३
Email: advanceresearchconsult@gmail.com







## ड्राइभिङ्ग सिक्ने हैन त ?

हामी सिकाउँछौं तपाईंलाई साइकलदेखि जेसीबीसम्म

हामी आएका छौं काठमाडौंदेखि हेटौंडासम्म तपाईंहरुलाई कुनै पनि सवारी साधनको लाइसेन्स लिन सक्ने दक्ष बनाएर ग्यारेण्टी सहित सिकाएर हामी सवारी साधन र यस सम्बन्धि सम्पूर्ण पार्टपुर्जाको जानकारी सहित आफ्नै ट्रायलसेन्टरमा छिटो, छरितो र सस्तोमा तालिम दिदै रोडटेष्ट गरिन्छ ।

यहाँ अनलाइन फर्म पनि भरिन्छ ।

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा–४, सितलमहल ओम्याक्स हल अगाडी
सम्पर्क: ९८१७२८४६१४, ९८४५१७९४१५, ९८४५६२३५६९

*अर्को सफलतामा मामाघर*

# पायो राष्ट्रिय समाजसेवा पुरस्कार



मञ्जिता मैनाली

हेटौंडा/नेपाल तेक्वान्दो संघको चौथो राष्ट्रिय महाधिवेशनको अवसरमा भैरहवामा पनि उनलाई राष्ट्रियस्तरको सामाजिक हिरो सम्मान' प्रदान गरिएको थियो। उनका सामाजिक कार्यको मूल्यांकन गरी उक्त सम्मान प्रदान गरिएको हो।

चिन्ने जान्ने सबै उनलाई 'मामा' भन्छन्। उनी सबैका मामा। 'मामा' शब्दका पर्यायवाची भएका छन्, डा. अर्पण पराजुली। उनको पहिचान हो, हेटौंडालाई 'सडक बालबालिकामुक्त क्षेत्र' बनाउने अभियन्ता। सडकमा जीवन गुजार्ने बालबलिकाका 'मामा' भएकाले नै उनी सबैका प्रिय र देशभर परिचित छन्।

हेटौंडामा प्रशस्त सडक बालबालिका भेटिएपछि उनले सोचे कि सडक नै उनीहरुको घर, आकाश नै छानो बनेको बेला केही सहयोग त गर्नैपर्‍यो। अनि, फुर्‍यो योजना। उनकै प्रयासमा हेटौंडामा सडकमा जीवन गुजार्ने बालबालिका नै छैनन् भने पनि हुन्छ। सडकमा जीवन बिताउने बालबालिकाका लागि उनी पथप्रदर्शक हुन्। उनकै पहलमा हेटौंडामा २०६८ कार्तिक २७ गते स्थापना भएको 'मामाघर' सडक बालबालिकाको घर बनेको छ। सडक बालबालिकाको आपत्कालीन राहत, उद्धार, परामर्श, पारिवारिक वातावरणमा आवासीय सुबिधा, सिप, शिक्षा र पारिवारिक पुनर्मिलनमा गराउने कार्य मामाघर नेपालको अभियान हो।

सडक बालबालिकामुक्त समाज निर्माण गर्ने लक्ष्यलाई यस अभियानले सार्थक बनाउँदैछ। चोरी, लुटपाट, डेन्ड्राइट सुँघेर हिंड्ने र राति सडकपेटीलाई ओच्छ्यान र आकाशलाई सिरक बनाउँदै आएकाहरुले आश्रय पाएका छन्। उनको सोच मकवानपुरलाई सडक बालबालिकामुक्त बनाउने हो। सबैको साथ र सहयोगले यो सम्भव हुँदैछ। बालबालिकालाई उचित अवसर दिनसके उनीहरुमा रहेको विशिष्ट क्षमता प्रष्फुटन हुन्छ। मामाघरमा आश्रयमा रहेका 'भाञ्जा' हरु १९ वर्षमुनिकाको राष्ट्रिय हक्की प्रतियोगितामा पनि छनौट भएका थिए।

उनले ५२ दिन हेटौंडाको सडकमा सडकबालबालिकासँगै बसेर अनुसन्धान गरे। हेटौंडा-११ मा समाजसेवी सिद्धिलाल श्रेष्ठले दानस्वरुप दिएको जग्गामा आफ्नै भवन बन्यो। उनीहरु नयाँ घरमा सरेका छन्। कुनै नियमित दाता नभए पनि स्थानीय सबैको मानोमुठी दान, चन्दा सहयोग र उपहारबाट मामाघर नेपाल चलेको छ।

२०७१ चैत १४ गते शिलान्यास गरिएको भवन निर्माणले पूर्णता पाएको छ। 'भाञ्जा' हरुको आफ्नै घर बनाउने महत्वाकांक्षी योजना बनाइएको थियो। त्यहीअनुसार भवन बनाउन सुरु गरे पनि बजेट अभावले समस्यामा पारेको थियो। मुलुककै नमूनाका रुपमा विकास भएको मामाघरको बालमैत्री भवन निर्माण गरिएको छ। मामाघर' को नयाँ भवनमा २६ कोठा छन्। भवनमा बालबालिकाका लागि आवासीय कोठा, स्वास्थ्य क्लिनिक, लाइब्रेरी, किचेन, डाइनिङ रुम, टिभी रुम र अत्याधुनिक सभाहल निर्माण भएका छन्।

'पाहुनालाई स्वागत गर्न हेटौंडा बसपार्क पुगेको बेला मैले नजिकै ठेलामा बेच्न राखिएको मम माग्दै गरेका बालबालिका देखें। ग्राहकले मम खाइसकेपछि फ्याँकेको पात भुईमा खस्न नपाउँदै केही बालबालिकाले टिपेर चाटेको देखें,' उनले सम्झिए-पीएचडी तयारीका लागि काठमाडौं लागेको म एक साँझ हेटौंडा बसपार्कमा साथीलाई भेट्न पुगेको थिएँ। त्यहाँ सडक बालबालिकामध्ये कोही बटुवाहरुलाई मम किनिदिन भनिरहेका थिए, कोही चुरोट तान्दै अपशव्द बोल्दै थिए। कोही दूधका प्याकेटमा डेन्ड्राइट हालेर सुँघ्दैथिए। कोही बटुवा महिलाको सल तानेर, खुट्टा ढोगेर पैसा माग्दै थिए।

उनले एक प्लेट मम मागेर होटल बाहिरै खाँदै नजिकै रहेका सानो बालकलाई बोलाए। उनी सुस्तरी नजिक आए। उनले अरु पनि मम अर्डर गरेर बालकलाई अरु साथीलाई पनि बोलाउन हौंस्याए। एकै छिनमा सडक बालबालिका झुम्मिए। तातोतातो मम आइरह्यो, उनीहरु खाइरहे। उनलाई जिन्दगीकै सबभन्दा सुखद् अनुभूति भयो त्यो क्षण। हिंड्ने बेलामा एक बालकले उनलाई बिस्तारै सोधेका थिए-भोलि पनि आउने हो अंकल ?

हेटौंडा बसपार्कमा यस्तो दृष्य देखेपछि उनी भावुक बने। उनले आफ्नो अनुसन्धानको विषय तिनै सडक बालबालिकालाई बनाए। प्रारम्भमा उनीसँग बोल्न नमान्ने र पिटुँलाझैं गर्ने सडक बालबालिका हिजोआज उनलाई 'मामा' भनी सम्बोधन गर्छन्, सँगै खान्छन् र सँगै सुत्छन्।

सडक बालबालिकाको अनुसन्धानको क्रममा करिब दुई महिना उनीहरुसँगै बिताएर उनीहरुलाई पुनर्स्थापनाका लागि राजी पार्नुपर्‍यो। सडक बालबालिकाको दिनचर्या र उनीहरुको सर्वपक्षीय गतिविधि अध्ययनका लागि बोरा ओढेर एक साता रातभर बसपार्कमा बिताएका थिए उनले। 'अनुसन्धानका क्रममा उनीहरुलाई नुहाइदिन राप्तिखोलामा लैजाँदा १४ जनाको शरीरमा १ सय ९६ वटा जुम्रा भेटिएको थियो। एकै जनाको ९६ वटा जुम्रा फेला परेको थियो,' उनले स्मरण गरे।

हेटौंडा-११ स्थित त्यही मामाघर नेपाल सिटौला उप्रेती समाज सेवा राष्ट्रिय पुरस्कारबाट सम्मानित भएको छ। भक्तपुरमा अटिजम भएका बालबालिकाको क्षेत्रमा कार्यरत् विशेष स्कुल तथा पुनर्स्थापना केन्द्रले हरेक वर्ष प्रदान गर्दै आएको पवित्रा सिटौला उप्रेती समाज सेवा राष्ट्रिय पुरस्कारबाट मामाघर नगद पच्चीस हजारबाट सम्मानित भएको हो।

सेवाभाव र यसको यथार्थलाई हृदयंगम गरी समाजमा सहयोगको खाँचोमा रहेका सडकबालबालिकाको शिक्षा र पुनर्स्थापनामा संस्थाले चलाइरहेको 'सडक बालबालिकामुक्त' अभियानमा पुऱ्याइएको योगदानको कदर गर्दै मामाघर नेपाललाई सम्मानपत्र प्रदान गरिएको थियो। झापाकी समाजसेवी पवित्रा सिटौला उप्रेतीको स्मृतिमा स्थापित पुरस्कार हरेक वर्ष समाजसेवामा क्रियाशील संस्थालाई प्रदान गरिँदै आएको छ। कार्यक्रममा मामाघर नेपाल सञ्चालक डा. पराजुलीलाई सम्मान हस्तान्तरण गरिएको थियो। पराजुली लामो समयदेखि निरन्तर सडकमानव क्षेत्रमा सेवा गर्दै आएका छन्।

# उपमहानगरले अटिजम बिद्यालय सञ्चालन गर्दै

सन्देश संवाददाता

हेटौंडा/अटिजम भएका बालबालिकालाई लक्षित गर्दै हेटौंडा उपमहानगरपालिकाले बिद्यालय सञ्चालन गर्ने भएको छ। विश्व अटिजम जनचेतना दिवसको अवसरमा आयोजित कार्यक्रममा नगर प्रमुख मीनाकुमारी लामाले उपमहानगरले हेटौंडा-११ थानाभऱ्याङ्गमा बिद्यालय सञ्चालनका लागि बजेट व्यवस्थापन गर्ने बताएकी हुन्।

उपमहानगरले महिलाका लागि भवन निर्माणको काम गर्न डिपीसी-समेत भैसकेको जमिनमा बिद्यालय सञ्चालनको तयारी थालिएको जानकारी दिइन्। पछिल्लो समय अटिजम भएका बालबालिकाका अभिभावकले निजी क्षेत्रबाट सञ्चालन भएका विद्यालय-बाट चर्को शुल्क असुलेको गुनासो आईरहेको सन्दर्भमा अब सबै खालका परिवारलाई लक्षित गर्दै उपमहानगरले नै बिद्यालय सञ्चालनको प्रक्रिया अघि बढाएको बताइन्।

जनचेतना दिवसको सन्दर्भमा हेटौंडा-४ मा रहेको सेन्टर फर अटिजममा भएको अभिभाबकसंगको कार्यक्रममा नगर प्रमुख लामाले नजिक-बाट यसको बिषयमा जानकारी लिन नसक्दा सबैलाई उस्तै सोच्ने गरेकाले अहिले समस्या देखिएको भन्दै अबका दिनमा सुधार गरेर जाने पक्षमा उपहानगर रहेको उनले बताइन्। अटिजम र शारीरीक अशक्त बाल-बालिकालाई एकै ठाउँमा राख्दा अहिले समस्या देखिएको उनको भनाई थियो।

उनले भनिन् "नगर क्षेत्रमा रहेका सबै खालका बालबालिकालाई शिक्षाबाट टाढा नराख्ने सोचसहित काम गरियो भने अहिले फरक खालको बिषय उपमहानगरसम्म आएको छ, यसलाई सुधार्ने क्रममा हामी लाग्नेछौं' उनले प्रतिबद्धता जनाइन्। अब समाजले के भन्ला भन्ने होइन, परिवारीक हिसाबले अभिभावक बाहिर आउँदै बालबालि-काको अधिकारलाई कुण्ठित नबनाउन अभिभावलाई उनको आग्रह थियो।




अहिले आफ्ना बालबालिकाको अवस्था पहिचान नगरी मन्टेश्वरी, निजी बिद्यालयका कक्षहरुमा राखेपछि सामस्या झनै बद्दै जान्छ यो बिषयमा अभिभाबक आफै सचेत भएर बालबालिकाको अवस्था बुझ्न जरुरी रहेको उनले बताइन्। अटिजमको समस्यालाई समाधान गर्न उपमहानगरले व्यवस्थित बिद्यालय सञ्चालनका लागि गृहकार्य गरि-रहेको उनले जानकारी गराईन्।

अहिले सेन्टर फर अटिजममा उपमहानगरपालिका क्षेत्रका ३२ जना बालबालिका अध्यापन गर्दै आएका छन्। कार्यक्रममा बालबालिकाका अभिभाबकले उपमहानगरले अटिजमको बिषयमा स्थानीयतह जिम्मेवार बन्न आग्रह गरे। सेन्टर फरका उपाध्यक्ष शेखर थपलियाले अभिभाबले बालबालिकाको अवस्था नबुझ्दा समस्या देखिएको बताए। उनले अहिले मन्टेश्वरी, निजी क्षेत्रका नर्सरी कक्षा, अन्य बिद्यालयमा बालिकालिकालाई अभिभाकले पठाउंदा भोलिका दिनमा समस्या हुने बताए। उनले भने "कति अभिभावकले मंहगो शुल्कमा मन्टेश्वरी पठाएका छन्, ति बालबालिका अन्य जसरी अध्यापनमा ध्यान दिए नदिएको अध्ययन गर्ने कोही नहुँदा समस्या बढ्दै गएको छ।' हामीले सञ्चालन गरेको बिद्यालयमा अहिले पनि बालबालिका राख्नु पऱ्यो भन्दै धेरै अभिभावकहरु आएता पनि स्थान अभावका कारण समस्या भैरहेको उनले बताए।

सेन्टर फर अटिजमकाअध्यक्ष हरिकृष्ण मैनालीको अध्यक्षतामा भएको जनचेतना दिवसको कार्यक्रममा सचिब अस्मिता कालिका, कोषाध्यक्ष निश्ला श्रेष्ठ, सदस्य उमा पौडेल, थेरापिष्ट डाक्टर श्रमिका श्रेष्ठको आतिथ्यता रहेको थियो।

# दंगालको हत्या आरोपमा सातजना पक्राउ




सन्देश संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगर पालिका वडा नम्बर-१६ हटियाका मिलन दंगालको हत्या आरोपमा प्रहरीले सात जनालाई पक्राउ गरेर अनुसंधान अगाडी बढाएको छ। यही चैत १९ गते बेलुकाको समयमा मकवानपुरको बागमती गाउँपालिका वडा नम्बर-८ भुवनचुलि देउडी भञ्ज्याङ स्थित धरान चतरा सडकको नालीमा हत्या गरिएको अवस्थामा दंगाल फेला परेका थिए।

उनीहरुलाई हत्या गरेको आसंकामा प्रहरीले चार जना सहिला सहित सात जनालाई पक्राउ गरेर जिल्ला अदालत मकवानपुरमा सात दिनका लागि म्याद थप गरेको छ। हटिया बस्ने ३७ को मिलन दंगाल चैत २० गते बिहान साढे ६ बजेको समयमा मृत अवस्थामा फेला परेको भनि प्राप्त सुचनाको आधारमा प्रहरी कार्यालयबाट अनुसन्धान अधिकृतको कमाण्डमा प्रहरी टोली घटनास्थलमा खटि गई प्रारम्भिक अनुसन्धानको क्रममा सात जनालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरिक्षक श्यामु अर्यालले बताए।

पक्राउ पर्नेमा मकवानपुरको बकैया गाउँपालिका वडा नंम्बर-३ बस्ने ३६ वर्षिय प्रशान्त लामा, ललितपुर गोदावारी नगरपालिका वडा नंबर-१२ बस्ने २४ वर्षिय किसन दानी बारा निजगढ नगरपालिका वडा नम्बर-३ बस्ने १९ वर्षकी इनिसा तिमल्सेना, हेटौंडा उपमहानगरपालिका वडा नंम्बर- १५ बस्ने १९ वर्षकी सुस्मिता तामाङ, सिन्धुली मरिन गाउँपालिका वडा नंबर-७ बस्ने २० वर्षिय शर्मिला मुक्तान, सोही ठाउँकी १९ वर्षिय रोजिना तामाङ, हेटौडा -१६ बस्ने २८ वर्षिय सुजन पौडेल रहेका छन्।

*रक्सी चोरेको आरोपमा रास्वपा नेता पक्राउ*

काठमाडौं/राजा फर्काउने हिंसात्मक आन्दोलनको क्रममा राष्ट्रिय स्वतन्त्र पार्टीका नेता पनि पक्राउ परेका छन्। तीनकुनेमा राजावादी हरुले गरेको प्रदर्शनका क्रममा आप-राधिक गतिविधि गरेको आरोपमा राष्ट्रिय स्वतन्त्र पार्टीका एक नेता पक्राउ परेका हुन्।

रास्वपाको निर्वाचन क्षेत्र समिति खोटाङका संयोजकसमेत रहेका डा. राजकुमार राई राप्रपाका नेताहरुसँग पक्राउ परेका हुन्। प्रहरीले उनको गतिविधिलाई सीसी टिभीमा हेरेर पक्राउ गरेको हो। उनीमाथि भाटभटेनीमा भएको लुटपाटमा रक्सी चोरेकोसमेत अभियोग लगाइएको छ। अमेरिका बाट पीएचडी गरेका राई सीसीआरसी कलेजका निर्देशकसमेत रहेको बताइएको छ।

दुईजनाको ज्यान गएको प्रदर्शनमा प्रहरीले पक्राउमध्ये ४१ जनालाई म्याद थप गरेर अनुसन्धान अगाडि बढाएपछि उनी पक्राउ परेको पत्ता लागेको थियो।

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालयद्वारा जारी

## सूचना ! सूचना !! सूचना !!!

*आदरणीय जनसमुदायहरू,*

वन जंगल हाम्रो राष्ट्रको गौरव र हाम्रो जीवनको बाँच्ने आधार हो। वन जंगललाई डंढेलोबाट जोगाउनु हामी सबैको नैतिक दायित्व हो। सुख्खा तथा हावाहुरीको मौसममा हामीहरुको सानो लापरवाहीबाट आगोको सानो झिल्कोले वन जंगलमा डढेलो फैलिन गई वन, वन्यजन्तु र मानवीय क्षती पुऱ्याउँछ। वन जंगललाई डंढेलोबाट जोगाउन निम्न सावधानी अपनाउन सबै जनसमुदायमा हार्दिक अपिल गर्दछौं।

- बलिरहेको चुरोट बिडिका ठुटा जंगलमा नफालौं, तिनलाई फाल्नु अघि राम्रोसंग निभाऔं।
- आगोको काम सम्पन्न भएपछि आगो पूर्णरुपमा निभाऔं।
- जंगलभित्र गोल पोल्ने काम पटक्कै नगरौं।
- रातको समयमा जंगलमा वा जंगलको बाटो हिंड्दा राँको नबालौं।
- गोठाला, घाँस दाउरा गर्ने मानिस तथा स-साना केटाकेटीहरुलाई जंगलमा सलाई, लाइटर लिएर जान नदिऔं।
- वनभोजको काम सकेपछि आगो राम्रोसंग निभाऔं।
- वन जंगलभित्र पुजापाठ र अन्य धार्मिक कार्यपश्चात आगो राम्रोसंग निभाऔं।
- आफ्नो खेतबारीमा झारपात डढाएपछि आगो पूर्णरुपमा निभाऔं।
- शिकारीहरुलाई आफ्नो सामुदायिक वनमा शिकार गर्न र वनमा डंढेलो लगाउन नदिऔं। त्यस्ता शिकारीहरुलाई पक्राउ गरी नजिकको वन उपभोक्ता समिति वा वन कार्यालयमा बुझाऔं।
- वन जंगलमा आगो लागेको देखिएमा सबै समुदाय मिलि तत्कालै निभाऔं र नजिकको वन उपभोक्ता समिति वा वन कार्यालय वा सुरक्षा निकायमा तुरुन्तै खवर गरौं।
- वनमा डंढेलो लाग्न नदिन अवलम्बन गरिने उपायहरुको बारेमा अ-आफ्ना बिद्यार्थीलाई सचेत गराउनु हुनका लागि सम्पूर्ण शिक्षकहरुलाई हार्दिक अनुरोध गर्दछौं।
- वन अपराध गर्नेलाई वन ऐन-नियमअनुसार कडा कारवाही गर्नुका लागि सहयोग पुऱ्याईदिनु हुन सम्पूर्ण जनसमुदायलाई हार्दिक अनुरोध गर्दछौं।

*"हाम्रो वनलाई डंढेलोबाट हामीले नै जोगाऔं।"*

वन डढेलो नियन्त्रण तथा व्यवस्थापनका लागि
**डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध।**


**डंढेलोबाट वन जोगाऔं- अमूल्य वन सम्पदाको संरक्षण गरौं**

सुख्खा तथा हावाहुरीको मौसममा आगोको सानो झिल्कोले वन जंगलमा डढेलो फैलिन गई वन, वन्यजन्तु र मानविय क्षतीसमेत पुऱ्याउन सक्नेहुँदा डढेलो लाग्नबाट जोगाउन विशेष सावधानी अपनाऔं।

वनमा आगो लगाउनेलाई वन ऐन-नियमअनुसार ३ वर्ष कैद वा ६० हजार रुपैयांसम्म जरिवाना वा दुवै सजाय हुन सक्दछ, त्यसैले वनमा आगो लगाउने वा आगोलागि हुनसक्ने कार्य नगर्न नगराउनुहुन सम्पूर्णमा अनुरोध गरिन्छ। डंढेलो लागेको देखिएमा सबै समुदाय मिलि तत्कालै डढेलो निभाऔं। डढेलो नियन्त्रणमा आउन नसके वन समूह, नजिकको वन कार्यालय वा सुरक्षा निकायमा तुरुन्तै खबर गरौं।

वन, वन्यजन्तु, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण गर्दै, थप जनधनको क्षतीहुनबाट बचाउनु हामी सबैको कर्तव्य हो। तसर्थ वन डंढेलो नियन्त्रण कार्यमा सहयोग गर्नुहुन सम्पुर्ण स्थानीय तह, सरकारी तथा गैह्रसरकारी निकाय, वन समूह, संघ-संस्था, पत्रकारलगायत सम्पूर्णमा **डिभिजन वन कार्यालय, मकवानपुर** हार्दिक अपिल गर्दछ।

## आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा




आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ। **स्थानः** रातोमाटे भोर्ले।
**सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७**

## !! रोजगारीको सूवर्ण अवसर !!

यस फर्मको लागि केही बजार प्रतिनिधिहरुको आवश्यकता भएकोले ईच्छुक योग्य युवाहरुबाट दरखास्त आब्ह्वान गरिन्छ।

**तह/पद** : बजार प्रतिनिधि (Sales Man), **संख्या** : ६ जना
**उमेर** : १८ वर्ष पुरा भएको, **शैक्षिक योग्यता**: साधारण
**आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र
**निवेदन दस्तुर** : रु ५,००, **सोव सुविधा** : रु.१५,००० देखि १,००,००० सम्म
**दरखास्त अन्तिम मिति** : २०८१ चैत २२ गते शुक्रबार
**छनौट अन्तरवार्ता** : २०८१ चैत २६ गते मंगलबार
**समय** : विहान ११:३० बजे देखि २:३० बजेसम्म

सम्पर्क : **पुनम सप्लायर्स**
**मो: ९८५५०७३४९८, ९८०४२०४२६६**
हेटौंडा-१, राप्तीरोड, मकवानपुर

## आकर्षक घडेरी बिक्रीमा

मकवानपुर बहुमुखी क्याम्पस नजिक, हेटौंडा-२, जिल्ला प्रशासन कार्यालयबाट पुर्वतर्फ एक मिनेटको दुरीमा रहेको वनस्खण्डी टोलमा घडेरी बिक्रीमा इच्छुकले सम्पर्क गर्न सक्नु हुनेछ।
(**नोट**: आधा नगद र आधा हेटौडा नजिकको जग्गासंग उपयुक्त लागेमा साट्नसमेत सकिनेछ।)

**सम्पर्क नम्बर: ९८४५१२३३६६**

## चालु अवस्थाको कपडा पसल बिक्रीमा

हेटौंडा-४ कान्तिराजपथमा रहेको अति चालु अवस्थाको कपडा पसल बिशेष कारणले बिक्रीमा रहेकोले ईच्छुक खरिदकर्ताले तुरुन्त सम्पर्क राख्नुहोला।

**सम्पर्क नम्बर : ९८२४३९३७८६, ९८२९१९४७८६**

## सुबिधायुक्त घर भाडामा

हेटौंडा-४ पुष्पलालपार्क नजिकै रहेको पर्याप्त पार्किङ सुविधासहितको सुबिधायुक्त गार्ड रुम सहितको २ फ्ल्याटको आकर्षक घर भाडामा उपलब्ध छ। ईच्छुकले सम्पर्क राख्नुहोला।

**सम्पर्क: ९८४८६६४५६२**

## शुभम यातायात प्रा. लि. द्वारा नयाँ EV को प्रस्तुति




ELECTRIC UAN (AC EV) वातावरणमैत्री विद्युतीय यात्रुवाहक सेवा

२०८१ साल आषाढदेखि हेटौंडा उपमहानगरमा स्थापना भएर यात्रु महानुभावहरूलाई सजिलो, भरपर्दो र AC युक्त आरामदायी EV सेवा प्रदान गर्दै निरन्तर वातावरणमैत्री विद्युतीय सवारी साधन Electric van (AC EV)मा यात्रुहरूको सुझावसहित गुणस्तरीय सेवा पुऱ्याउने सहर्ष जानकारी गराउँदछौ।

हेटौडादेखि काठमाण्डौसम्म | काठमाडौदेखि हेटौडासम्म

सदैव सजिलो, आरामदायी शुभयात्राको लागि सम्झनुहोस।
**यस कम्पनीद्वारा सञ्चालित EV माइक्रो, स्कार्पियो तथा जीप रिजर्वको लागि सम्पर्क गर्नुहोस्।**




सञ्चालक : शुकराम रुम्बा
**शुभम यातायात प्रा.लि.**
हेटौंडा-४, कान्तिराजपथ, कुमारी बैंक भित्र,
**सम्पर्क नं. : ९८५५०३१४२४, ९८०३८५१५९८, ९८४५०७७२२६**

प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिक का लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: *htd.sandesh@gmail.com*, ।। सम्पादक: माधव न्यौपाने